# *तारकेश्वर नगरपालिका*

# सम्पदा, जात्रा र परम्परा



**प्रकाशकः**
**तारकेश्वर नगरपालिका**
**धर्मस्थली, काठमाडौं**

# हाम्रो /मेरो भन्नु

तारकेश्वर नगरपालिका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिले समृद्ध नगरपालिका हो । यहाँ रहेका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय सम्पदाको आ-आफ्नै महत्व पाइन्छ । यी सम्पदाको संरक्षण तथा प्रचार प्रसार गर्नु आजको टड्कारो आवश्यकता महसुस गरी नगरपालिकाले त्यसतर्फ विशेष कार्यक्रम थालनी गरिसकेको छ ।

हाम्रो यस नगरपालिका साविकका सात वटा गाविस साङ्ला, काभ्रेस्थली, जितपुरफेदी, गोलढुङ्गा, धर्मस्थली, फुटुङ, मनमैँजुलाई समेटेर तारकेश्वर नगरपालिका घोषणा गरिएको हो । ११ वटा वडामा समेटिएको यो नगर विविध कला, संस्कृति र परम्पराले भरिएको भव्य नगर हो । पौराणिककालदेखि कै महत्वपूर्ण यो भूमि देवताहरुको क्रीडाभूमि पनि हो । यस भूमिमा अनेकौं त्यस्ता सम्पदाहरु छन् । जसको राष्ट्रियस्तरमा मात्र नभएर अन्तराष्ट्रिय स्तरमा पनि विशेष महत्व रहेको छ । इतिहासका विभिन्न गाथालाई समेत समेटेर आफ्नै गौरवमय पहिचान विस्तारका लागि उभिएको यो नगर कला, संस्कृति र प्रकृतिको अनुपम नगर पनि हो । जसको मूल्य, मान्यता र गरिमालाई जीवन्तता प्रदान गर्न नगरपालिका हरतरहले प्रयासरत् भएको कुरामा हामी प्रतिवद्धता जाहेर गर्दछौं ।

संस्कार संस्कृतिले मानिसको पहिचान र गरिमालाई जीवन्त राख्दछ । कुनै एउटा सस्कृति लोप हुनु भनेको त्यससँग सम्बन्धित सभ्यताको विनाश हुनु हो । त्यसैले त्यस्ता मूर्तअमूर्त सम्पदाको संरक्षण, सम्वर्द्धन र प्रचारप्रसारमा यस नगरपालिकाले आगामी दिनमा पनि विविध कार्यगर्ने कुरामा हामी दोहोऱ्याउन चाहन्छौं । समृद्ध नगर हामी सबैको रहर हो । त्यसैले हामीले हाम्रो नगरलाई समृद्धशाली बनाउन हाम्रा आफ्नै मूल्य मान्यता र पहिचानलाई नै अगाडि सारेका छौं । जुन सम्पदा हाम्रा लागि समृद्धिका द्योतक पनि बनेका छन् । त्यसैले, त्यस्ता सम्पदाको खोजी, संरक्षण तथा प्रचारप्रसार गर्नु हाम्रो प्रमुख कर्तव्य नै हो ।

त्यसैले, स्थानीय तहको निर्वाचनपश्चात् हामीले हाम्रो नगरको दीर्घकालीन सोच निर्धारण कार्याशाला गोष्ठी २०७५ साल कार्तिक ९ र १० गते नगरकोटमा सम्पन्न गरेका थियौं । सो कार्यक्रममा सहभागीका रुपमा नगरापलिकाका निर्वाचित जनप्रतिनिधि, कर्मचारी, राजनैतिक दलका प्रतिनिधि, विभिन्न विषय विज्ञ, पत्रकार सबैले आ-आफ्नो धारणा राख्दै तारकेश्वर नगरपालिकाका धार्मिक साँस्कृतिक ऐतिहासिक तथा कृषि क्षेत्रलाई समेटेर ***पर्यटन, कृषि र प्राकृतिक सौन्दर्यको शहर,***

***समृद्ध साँस्कृतिक तारकेश्वर नगर*** नामक नारा पनि तयार पारिएको थियो । उक्त कार्यक्रममा तारकेश्वरको दीर्घकालीन सोचका रुपमा यहाँको पर्यटनलाई नै जोड दिनु पर्ने कुरा उक्त कार्यशालामा प्रस्तुत भएका कारण नै हामीले धार्मिक सांस्कृतिक सम्पदालाई समेटेर अगाडि बढ्ने लक्ष्यस्वरुप पर्यटन क्षेत्रमा नै विशेष जोड दिएका हौँ ।

त्यसैले पर्यटन क्षेत्रको विस्तार र विकास विना हाम्रो नगरको पहिचान अधुरो र अपूरो रहने भएकोले यसको प्रचार प्रसार गर्नका लागि राष्ट्रिय स्तरमा मनाउन लागिएको नेपाल पर्यटन वर्ष २०२० सँगै तारकेश्वर नगरपालिकाले पनि पर्यटन वर्ष मनाउने पहल गरी धेरै कार्यक्रम तर्जुमा गरेका थियो तर विश्वव्यापी कोरोना महामारीका कारण स्थगित भएको नेपाल पर्यटन वर्ष पनि हामीले मनाउन पाएनौँ भने हाम्रो कार्यक्रम पनि स्थगित हुन पुग्यो । तर पनि हामीले सो अवसरमा यहाँको पर्यटन विस्तारका लागि केही सम्पदाको अभिलेखीकरण गरी सम्पदाको प्रचारप्रसार र सम्वर्द्धनका लागि **तारकेश्वर नगरका सम्पदा, जात्रा र परम्परा** नामक पुस्तक प्रकाशन गर्न लागेका छौँ । यस पुस्तकमा यस नगरका केही सम्पदालाई समेटिएको छ तर अन्य सम्पदालाई पनि आगामी दिनमा समेटेर पुस्तक प्रकाशन गरिने छ । यस कार्यबाट यस नगरको पर्यटन क्षेत्रको प्रवर्द्धन हुने तथा सम्पदाको प्रचारप्रसार हुने आशा नगरपालिकाको रहेको छ । जसमा सम्पूर्ण नगरवासीको अमूल्य साथ रहने कुरामा पनि हामी जोड दिन चाहन्छौँ ।

नगरपालिकाको अनुरोधमा यस गहन कार्यलाई साकार रुप दिन लागिपर्ने अनुसन्धानकर्ता तथा लेखक देवेन्द्र अर्याल 'आँसु'लाई हामी/म विशेष धन्यवाद दिन चाहन्छौँ/चाहन्छु । **तारकेश्वर नगरका सम्पदा, जात्रा र परम्परा** नामक पुस्तक प्रकाशनका क्रममा सहयोग पुऱ्याउने विज्ञ, सुझाव दिने विभिन्न महानुभाव, नगरपालिकाका कर्मचारी, वडा प्रतिनिधिलगायत मुद्रण कार्यगरी पुस्तक प्रकाशन गर्न सहयोग पुऱ्याउने सबैलाई हृदयदेखि आभार प्रकट गर्दछु । यसमा भएका कमी कमजोरीलाई सकारात्मक रुपमा केलाएर रचनात्मक र समीक्षात्मक प्रतिक्रिया दिनुहुन सबैलाई हार्दिक अनुरोध गर्दछु ।

रामेश्वर बोहोरा
नगरप्रमुख

विषय सूचीः


| क्रम सङ्ख्याः | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | तारकेश्वर नगरपालिकाको परिचय | |
| २. | महत्वपूर्ण मठमन्दिर | |
| ३. | महत्वपूर्ण जात्रा/परम्परा | |
| ४. | महत्वपूर्ण अभिलेख/शिलालेख | |
| ५. | ऐतिहासिक/पर्यटकीय पदमार्ग | |

# तारकेश्वर नगरपालिकाको परिचय

## १.तारकेश्वर नगरपालिकाको परिचय

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७१ मङ्सिर १६ को निर्णयानुसार यस क्षेत्रका साविकका साङ्ला, काभ्रेस्थली, जितपुरफेदी, गोलढुङ्गा, धर्मस्थली, फुटुङ, मनमैँजु गाविसलाई समेटेर तारकेश्वर नगरपालिका घोषणा गरिएको हो । तत्कालीन अवस्थामा २१ वटा वडामा विभाजित यो नगरपालिका हाल आएर ११ वटा वडामा समेटिएको छ । यसको पूर्वमा टोखा नगरपालिका, पश्चिममा नागार्जुन नगरपालिका, उत्तरमा नुवाकोट जिल्ला तथा दक्षिणमा काठमाडौँ महानगरपालिकाको सिमानासँग जोडिएको छ ।




स्वस्थानी व्रतकथामा उल्लेख भएअनुसार पौराणिक कालमा सतिदेवीको अङ्ग पतन भई तारकेश्वर महादेव उत्पत्ति भई शक्तिपीठका रुपमा रहेको र सोही नामबाट नै यस नगरपालिकाको नाम तारकेश्वर नगरपालिका रहन गएको हो । यो नगरपालिका प्राकृतिक, धार्मिक, सांस्कृतिक, भाषिक विविधताले भरिपूर्ण छ ।

यस तारकेश्वर नगरपालिकामा पुरानो गुह्येश्वरी मन्दिर, मनमैँजु मन्दिर, धर्मस्थली नगर, मुडिखुगढी, पाँचमाने, तारकेश्वर महादेव मन्दिर, लखपात वा डुक्रने पानी, न्याँकन्डोल महाँकाल, मनोरथ तीर्थ, फुटुङ गहना(नाग) पोखरी, साङ्ला बालकुमारी, तासी छ्योलिङ गुम्बा, शान्तिधाम, सिद्धेश्वर महादेव मन्दिर, ज्याङ्गछ्यूप छोर्तेन गुम्बा, चोगाउँ सरस्वती मन्दिर, महाकाली मन्दिर, जितपुरफेदी, अकबरेश्वर महादेव, धर्मस्थली महाँकाल मन्दिर, भुवनेश्वरी मन्दिर, कालीदेवी मन्दिर र बुद्धपार्क, चुनदेवी(चुनीदेवी), महालक्ष्मी, जयादेवी(जयन्तीदेवी), भीमसेन, बालकुमारी, बौँडेश्वर महादेव, साङ्ला नारायणस्तम्भ र तुलजा क्वाथ, मनमैँजु ध्यानकुटी विहार, छोर्तेन गुम्बा, लोकेश्वर, अष्टमातृका, योगिनी, इन्द्रायणी, बंगलामुखी, श्वेतभैरव, आकाश भैरव, मच्छिन्द्रनाथ, कृष्ण मन्दिर, रुद्रेश्वर, आशापुरी महादेव, प्रिकुण, बासुकी, विन्धवासिनी, जलविनायक(पहरा गणेश), भीमसेन, विभिन्न गणेश, सरस्वती, गोरखनाथलगायत देवीदेवताका विभिन्न मठमन्दिर तथा धार्मिक, साँस्कृतिक, पौराणिक, ऐतिहासिक महत्वका स्थलहरु रहेका छन् ।

यसैगरी  यस नगरमा पाहाँचह्रे जात्रा, गाईजात्रा, ठिनापुन्ही, कतिपुन्ही, मतया जात्रा र गुँलापर्व पनि मनाइन्छ । त्यस्तै, यहाँ लाखेजात्रा, रोपाइँजात्रा, हिलेजात्रा पनि मनाइन्छ । मनमैँजुमा मनमैँजुको भोटो देखाउने प्रचलन रहेका छ । मनमैँजु, फुटुङ र साङ्लामा लिङ्गो ठड्याउने चलन पनि रहेको छ । मनमैँजुमा चैत्र पूर्णिमामा र फुटुङमा नयाँवर्षका दिन लिङ्गो ठड्याउने गरिन्छ भने साङ्लामा घोडेजात्रादेखि नै लिङ्गो ठड्याउने गरिन्छ । जुन लिङ्गो चैत्र पूर्णिमामा बालकुमारी र चुनदेवीको खटजात्रा समाप्त भएपछि विधिवत् रुपमा ढालिन्छ । यस नगरका विभिन्न स्थानमा विभिन्न समयमा विभिन्न जात्राहरु मनाइने गर्दछन् । तीमध्ये मनमैँजु र धर्मस्थलीको जात्रा ज्यादै प्रसिद्ध छ । यस्तै गोलढुङ्गा, साङ्ला, फुटुङ, काभ्रेस्थलीमा पनि विभिन्न जात्राहरु मनाइन्छन् । ती जात्राका आफ्नै महत्व र विशेषता रहेका छन् भने त्यस अवसरमा परम्परागत गीत गाउने र सङ्गीत बजाउने पनि गरिन्छ ।

मनमैँजुको जात्राभित्रको भोटो जात्रा जुन प्रचारप्रसारमा नआएको एउटा सांस्कृतिक परम्परा हो । त्यस्तै, पुरानो गुह्येश्वरीबाट वडादशैँमा फूलपाती लाने चलन छ, यसलाई पनि एउटा पृथक परम्पराका रुपमा  लिन सकिन्छ । त्यसैले नगरले यस प्रकारका परम्परालाई अझ सशक्त रुपमा अगाडि बढाउँदै पर्यटकीय विस्तार गर्न एवम् संस्कृतिको प्रचारप्रसार गर्न नगरपालिकाले विशेष योजना निर्माण गरेको छ ।

यहाँ मठमन्दिरबाहेक विभिन्न सत्तल, पाटी, चौतारा ढुङ्गेधारा पनि रहेका छन् । द्यछैं, थाल्को वा द्वारपाल, चैत्य, गुफा, झरना, मैदान, चौरआदिलाई यस तारकेश्वर नगरका पहिचान वा आकर्षणका रुपमा लिन सकिन्छ । त्यस्तै मानिसको अन्तिम संस्कार गर्नका लागि शेषमती, धर्मस्थली, मनमैंजु, विचारीथोक, जितपुरफेदी आदि स्थानमा घाटहरु पनि रहेका छन् ।

## भौगोलिक अवस्थितिः

१) उचाइः   समुद्रसतहदेखि १३४५ मि.

२) क्षेत्रफलः  ३५ वर्ग कि.मि.

३) सिमानाः  पूर्वः टोखा नगरपालिका

पश्चिमः नागार्जुन नगरपालिका

उत्तरः नुवाकोट जिल्ला

दक्षिणः काठमाडौं महानगरपालिका वडा नं १६

४) अवस्थितिः

देशान्तरः ८५ं १८' ११''

अक्षांशः  २७ं २७' १२''

५) राजनैतिक तथा प्रशासनिक विभाजनः

प्रदेशः बागमती

जिल्लाः काठमाडौं

निर्वाचन क्षेत्र नंः ६ (वडा नं. १,२,६,७,८,९,१० र ११) र ७ (वडा नं. ३,४ र ५)वडा सङ्ख्याः ११

जम्मा जनसङ्ख्याः ८१,४४३ २०६८ को जनगणना अनुसार )

पुरुषः ४१,३७६ महिलाः४०,०६७

जनघनत्वः २३०० प्रति वर्ग मि.

# महत्वपूर्ण मठमन्दिर/स्थान

## नगरपालिकाको नामकरणः तारकेश्वर महादेव

काठमाडौँ उपत्यकाको उत्तरपश्चिममा पर्ने शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जभित्र सुरम्य वातावरणमा रहेको महत्वपूर्ण तीर्थस्थलका रुपमा तारकेश्वर मन्दिरलाई लिइन्छ । ऐतिहासिक पाँचमाने र जितपुरफेदीबाट अल्ले ब्यारेक हुँदै पुग्न सकिने तारकेश्वर महादेव मन्दिरमा जनै पूर्णिमाको दिन ठूलो मेला लाग्दछ । प्राकृतिक सौन्दर्यको खानी समेत मानिने शिवपुरी पर्वतमालाको काखमा रहेको तारकेश्वर महादेव मन्दिर हिन्दू धर्मावलम्वीहरुको महत्वपूर्ण तीर्थ हो । स्कन्दपुराणको केदार खण्डको माघमहात्म्य श्री स्वस्थानी व्रतकथामा वर्णन भए अनुसार सतीदेवीको दाहिने तिघ्रो पतन भएको स्थानमा तारकेश्वर महादेव उत्पत्ति भई शिवशक्ति स्वरुपले रहे भन्ने उल्लेख छ। तारकेश्वर महादेव मन्दिर पहरामा रहेको छ। तारकेश्वर महादेव मन्दिर नजिकै झरना, गुफा, पोखरी, पाटी पनि रहेका छन्। नववर्ष, एकादशी, शिवरात्रि, जनैपूर्णिमा जस्ता तिथि वा चाडपर्वमा टाढाटाढाबाट भक्तजनहरु यहाँ पूजाआजा गर्न र मेला भर्न आउने गर्दछन् ।

धार्मिक कथा अनुसार देव र दानवको युद्धमा कार्तिकेयलाई भाला चलाउने अधिकारमात्र दिइएको थियो तर उनकी श्रीमती झल्लिमाला र देवसेनालाई बाण, ब्रह्मास्त्र, वायव्यास्त्र, अग्न्यास्त्र चलाउने अधिकार प्राप्त थियो । दानवसँग युद्ध गर्न जाँदा अघोर स्वरुपमा म तारकेश्वरमा रहन्छु भनी स्वयम् शिवजीले देवसेना र अन्य सेनालाई भन्नु भएको थियो। त्यसैले युद्धभूमिमा जान सिद्धि प्राप्त गर्नुपर्ने तथा हातहतियार आवश्यक परेकोले सो प्राप्त गर्न सबै देवगण तारकेश्वर पुगेका थिए। त्यसपछि देवगणले महादेवको प्रार्थना गरी उक्त हतियार र सिद्धि प्राप्त गरेका थिए। मनको इच्छा पूरा गर्न वा केही सामग्री माग्न तारकेश्वर मन्दिरमा गएर प्रार्थना गर्ने प्रचलन भएको कुरा कविन्द्र प्रताप मल्लको हनुमानढोकास्थित शिलालेखमा पनि उल्लेख छ। जुन कुरालाई शिलाभी सारमा समेत उल्लेख गरिएको छ। त्यसैले, हिजोआज मानिसहरु आफ्नो मनोकाङ्क्षा पूरा होस् भनेर तारकेश्वर महादेव मन्दिरमा पूजाआजा गर्न जाने गर्दछन्। पहरामा रहेका तारकेश्वर महादेवको पूजा अर्चना गर्न थुप्रै भक्तजन जाने गर्दछन् । उक्तस्थानमा तपश्वी कालीबाबा बस्दै आएकोमा विक्रम सम्वत् २०५६ माघमा कालीबाबाको मृत्यु भएपछि उनको समाधिस्थ गरिएको ठाउँमा शिवलिङ्ग निर्माण गरिएको छ। कालीबाबाको कुटी पनि २०७२ साल बैशाख १२ र २९ को विनासकारी भूकम्पले भत्किएको थियो । हाल तारकेश्वर नगरपालिकाले तारकेश्वर धामको बृहत् गुरुयोजना तयार गरी संरक्षण, सम्वर्द्धन र निर्माण कार्य गरिरहेको छ ।



सार्वजनिक विदा तथा अन्य दिनहरुमा पनि मन्दिर दर्शन र घुमफिर गर्न मानिसहरु तारकेश्वर जाने क्रम बढ्दो छ । मन्दिर वरपर विभिन्न प्रकारका चराचुरुङ्गी, फूल, पुतलीको अवलोकन गर्न सकिन्छ। मन्दिर पुग्न ठाउँठाउँमा छिँडीको व्यवस्था गरिएको छ । मन्दिरको काखमा रहेको पोखरीले यहाँको सौन्दर्यलाई झन आकर्षक बनाएको छ । झरना, हरियाली वातावरणका कारण यो स्थानलाई स्वर्गको एकटुक्राका रुपमा नै लिन सकिन्छ । तारकेश्वर महादेव मन्दिरको शिरोभागमा अर्थात् तारकेश्वरबाट करिब १ घण्टा उकालो चढेर द्यौलेश्वर महादेवको शिवलिङ्गमा पुग्न सकिन्छ। जहाँबाट उपत्यकाको मनोरम दृश्यावलोकन गर्न सकिन्छ ।

## पुरानो गुह्येश्वरी

तारकेश्वर नगरपालिका वडा नं. ४ स्थित पुरानो गुह्येश्वरीलाई प्रमुख शक्तिपीठका रुपमा लिइन्छ। पुरानो गुह्येश्वरीको दर्शन गर्नाले राजभय, चोरभय, ग्रहभय र रोगभय लगायतका सबै किसिमका भय नाश हुन्छ भन्ने विश्वास छ। यसै कारण पुरानो गुह्येश्वरीलाई सबैले श्रद्धा, विश्वास र भक्तिका साथ पुज्ने गरिएको पाइन्छ। प्रागऐतिहासिक कालमा चीनबाट नेपाल आउनु भएका गुरु वागीश्वर मञ्जुश्रीलाई नैरात्मादेवी गुह्येश्वरीले विश्वरूपको दर्शन दिई खड्गसहित शक्ति प्रदान गरेपछि  उनलाई चोभारको डाँडो काटी उपत्यकाको पानी बाहिर पठाउन सफलता मिलेको तथ्य स्वयम्भू पुराणमा उल्लेख छ। उक्त पुराणअनुसार मञ्जुश्रीले नै गुह्येश्वरीको कुण्डको जलले अभिषेक गरेपछि कुण्डलाई सर्वप्रथम व्यवस्थित रूपमा निर्माण गर्ने काम गरेका हुन्। गुह्येश्वरी भन्नाले गुह्यरूपमाा संसारको अस्तित्व सञ्चालन गर्ने आदि अन्त्यरहित परम् शक्तिकी अधिष्ठात्री शक्तिलाई नै बुझिन्छ। गुह्याति गुह्य गोत्री त्वां भनेर सारा संसारमा गोप्यरूपले रहेर संसारको अस्तित्व सञ्चालन गर्न सक्ने महेश्वरी भनेर वन्दना गरिँदै आएको छ। माता गुह्येश्वरीलाई कसैले स्थापित गरेको नभई आफैँ उत्पत्ति भएको शक्तिपीठका रूपमा लिइन्छ।

स्वस्थानी महात्म्यमा वर्णन भएअनुसार सत्ययुगमा सतीदेवीको गुह्यपतन भएको स्थानमा उत्पन्न भएकीले उनलाई गुह्येश्वरी शक्तिपीठ भनिएको हो। त्यस्तै, अर्को कथन अनुसार कालकूट विष सेवनपश्चात महादेव डाहा शान्त गर्न उत्तरापन्थतिर लाग्दा यहाँ बस्नु भएको थियो। त्यसैक्रममा माता पार्वती महादेवको खोजीमा यहाँ आउँदा रजस्वला हुनुभएपछि त्यहीँ अलप भएर गुह्येश्वरीका रूपमा उत्पन्न भएकी हुन् भन्ने कथन पनि पाइन्छ।

त्यस्तै, कुनै समयमा एकजना आचार्य कालीको दर्शन गर्न गएका र अब  उप्रान्त तिमी दर्शन गर्न आइरहन पर्दैन भनेर देवीले एउटा थाली दिएको र बीच बाटोमा आउँदा थाली खसेको र त्यसै ठाउँमा नै माता गुह्येश्वरीको उत्पत्ति भएको हो भन्ने कथन  समेत प्रचलित छ। बहुधा श्रुयतां ममः अर्थात् मेरा बारेमा धेरै कुरा सुनिने गरेको छ भन्ने माताले ने उद्घोष गरेबाट माता गुह्येश्वरीको उत्पत्तिका बारेमा विविध मत मतान्तर पाइन्छन् भन्नु युक्तिसङ्गत नै देखिन्छ।



स्वयम्भू पुराणका विपश्वी तथागतले काठमाडौं उपत्यका जलामय भएको बेला रोपेको कमलको फूल फुलेको स्थानमा स्वयम्भू ज्योतिर्लिङ्ग उत्पत्ति भएको र त्यस फूलको जरा गुह्येश्वरीको पीठसम्म पुगेको भन्ने कुराको उल्लेख पाइन्छ। यसले प्रागऐतिहासिक कालदेखि नै गुह्येश्वरीको अस्तित्व रहेको देखिन्छ। यसै कारण यहाँको गुह्येश्वरी मातालाई पुरानो गुह्येश्वरीका रूपमा पुजिन थालिएको हो र यहाँकी माता गुह्येश्वरी नै पशुपति नजिकको गुह्येश्वरी भन्दा प्राचीन मानिएकी हुन्। प्रचलित विश्वासअनुसार सत्ययुगमा विपश्वी बुद्धले रोपेको अलौकिक कमल बीजको मूल गुह्येश्वरीमा थियो र कमलासन स्वयम्भूको दर्शन वर्तमान स्वयम्भूमा भएको थियो। अद्यावधि गुह्येश्वरीमा कुनै मूर्ति नभएर केवल जलपूरित सानो

छिद्रमात्र भएकोले यस कथनको पुष्टि भएको कुरा मानिन्छ भनी बालचन्द्र शर्माले नेपालको ऐतिहासिक रूपरेखा नामक पुस्तकमा उल्लेख गरेका छन् ।

पुरानो गुह्येश्वरीको पीठको कुण्ड करिब सातफिट गहिराइको रहेको छ । तर पानीले भरिएको कुण्डको मुखमा चाँदीको कलश राखिएको हुन्छ । यस कुण्डमा कलश राख्ने काम सर्वप्रथम वि.सं.९९९मा भएको हो । चाँदीको पूर्णकलशका रूपमा सर्वसाधारणले दर्शन पूजन गरिने देवस्थलको मुन्तिर अर्को गोप्य असली तान्त्रिक देवता रहेको बताइन्छ । गुह्येश्वरी मन्दिर परिसरमा वि.सं. १८६० मा धर्मशाला बनाइएको कुरो मन्दिर परिसरमा रहेको नरसिंह गुरुङको शिलालेखबाट प्रष्ट हुन्छ । तर मन्दिरमा चार ढोका राखेर हालको स्वरूपमा तयार पार्ने काम भने श्री ५ को निजी ढुकुटीको खर्चमा वि.सं.२०३३ मा गुठीसंस्थानले गरेको हो । जुन कुरा त्यहाँस्थित शिलालेखबाट थाहा हुन्छ । मन्दिरको भित्तामा विक्रम सम्वत् २०४४ मा जनसहभागितामा मार्वल राख्ने काम भएको थियो ।

नेपालका प्रथम प्रधानमन्त्री भीमसेन थापाको पालामा त्यहीँ गाउँका एकजना मुख्य व्यक्तिलाई पुरानो गुह्येश्वरी मन्दिरको नित्यपूजाको जिम्मा दिएर केही पारिश्रमिक समेत व्यवस्था गरिएको ल्हुतिमण्डल पुस्तकमा उल्लेख भएको पाइन्छ । तर त्यसले निरन्तरता पाउन सकेन । मन्दिरको नित्यपूजाका लागि पछि श्री ५ महेन्द्र सरकारमा बिन्ति चढाउने काम भएको थियो । गुह्येश्वरी मन्दिर परिसरमा पहिले गोसाइँकुण्ड, भैरवकुण्ड र सरस्वती कुण्ड गरी तीनवटा कुण्ड थिए । अतिक्रमणका कारण सरस्वती कुण्डको अस्तित्व नै लोप भएको छ भने भैरव कुण्डको केही अवशेष र अर्कोमा भने हालको पुरानो गुह्येश्वरी माध्यमिक विद्यालयको भवन बनिसकेको छ । प्रत्येक वर्ष बालाजु बाइसधारा पूर्णिमाको दिन पुरानो गुह्येश्वरीको विशेष पूजा र लौरी विनायक खटजात्रा हुने गर्दछ । वि.सं. २०५३ मा सूर्यप्रसाद श्रेष्ठको अध्यक्षतामा पुरानो गुह्येश्वरी सुधार समिति गठन भई पाटीपौवा, चौतारो पुननिर्माण गर्ने काम भएको हो । त्यसपछि समयसमयमा यहाँ निर्माणकार्य मर्मतसम्भारका काम पनि हुँदै आइरहेको छ । तारकेश्वर नगरपालिकाले बृहत् गुरुयोजना तयार पारी यसको संरक्षण, सम्बर्द्धन र पर्यटकीय विस्तारका लागि आवश्यक पहल गर्दै आएको छ ।

# मनमैँजु इन्द्रायणी

तारकेश्वर नगरपालिका वा नं. ९ मा मनमैँजु देवीको मन्दिर रहेको छ । पुरानो गुह्येश्वरी मन्दिरको पूर्वपट्टि गोंगवू गणेश नजिकै विष्णुमती नदी किनारामा मनोरथ तीर्थको समिपमा रहेकी मनमैजु देवीलाई आस्थाको रुपमा लिइन्छ ।

मनमैँजु तथा गोंगवू क्षेत्र प्राचीन समयमा पूरै जङ्गलले भरिएको थियो । परापूर्व कालमा एकदिन एउटा व्याधा शिकारीले मृगलाई मार्ने प्रयास गर्दा उक्त मृग भागेर मनोरथ तीर्थ पुगेछ र तत्कालै मृत्युवरण गर्न पुगेछ। मृगले मर्नुअगाडि मैले व्यर्थमा मृत्युवरण गर्नुपऱ्यो, अर्को जुनीमा मैले व्याधासँग बदला लिन पाउँ भनी याचना गरेछ। त्यसपछि अर्को जुनीमा मृग बाघ र व्याधाचाहिँ बँदेलको रुपमा जन्मन पुगेछ। एकदिन अचानक ती दुबैको भेट त्यही मनोहर तीर्थमा भएछ। बदेँल र बाघको  घमासान लडाइँ हुँदा दुबैले मृत्युवरण गरेछन् र स्वर्गमा पुगेछन् । यस घटनाबाट आश्चर्यचकित भएर राजा इन्द्रले ती दुबैलाई सोधेछन्। दुबैले मनोहर तीर्थको प्रतापका कारण यस्तो भएको बताएछन्। त्यसो भए म पनि मर्त्यमण्डलको त्यो मनोहर तीर्थ हेर्न जान्छु भनी इन्द्र मनोहर तीर्थ आएछन् ।

त्यहीबेला इन्द्रले तीर्थबाट स्नान गरी निस्किएकी मनमैँजुलाई देखेछन्। त्यो देखेर इन्द्र पनि ती सुन्दरीप्रति लोभिएछन्। कुरुप भएर बिबाह हुन नसकेकी ती जितपुरकी मनमैँजु आठ दिदीबहिनी मध्येकी सबैभन्दा कुरुप थिइन्। इन्द्रले ती मनमैँजुसँग एकरात बिताएछन् ।



भोलिपल्ट इन्द्रले आफू पृथ्वीमा एउटा मानवकन्यासँग भुलेको थाहा पाए । स्वर्ग जानलाग्दा मनमैँजुले नजान बिन्ति गरिन् । म तिमीलाई यो जुनीमा इन्द्रपुरी लान सक्दिनँ तर अर्को जुनीमा भने तिमी मेरी इन्द्रायणी बन्नेछ्यौ' भनी इन्द्र त्यहाँबाट इन्द्रपुरी प्रस्थान गरेछन् ।

त्यस्तै अर्को किम्वदन्तीअनुसार परापूर्व कालमा काठमाडौँ जितपुर गाउँकी मन नाम गरेकी कन्याले विष्णुमती र महादेवखोलाको दोभानमा बसी इन्द्रको तपस्या गरिछन् । तपस्याबाट इन्द्र प्रकट भएर कन्यालाई वर माग भनेछन् । कन्याले पनि इन्द्रलाई नै पतिका रुपमा पाउनुपर्ने वर मागिछन् । इन्द्रले ती कन्यासँग विवाह गरे तर कुरुप भएका कारण स्वर्ग लैजान मिल्दैन तिमी यहीँ बसी कुरुप मानिसलाई सुन्दर बनाउनु भन्ने वरदान दिई स्वर्गतिर लागेछन् । छालासम्बन्धी रोग भएकाहरुले  यीनै देवीको पूजा अर्चना गर्दा रोग निको हुने जनविश्वास छ । त्यसैले मनमैँजुलाई सुन्दरताकी देवी पनि भनिन्छ ।

मनमैँजुको यही आस्था र विश्वासकै कारण प्रत्येक वर्ष ल्हुतिपुन्हिदेखि पाँचदिनसम्म रथयात्रा हुन्छ । मनमैँजु देवीको पूजाअर्चना गर्न थुप्रै भक्तजनहरु

त्यहाँ उपस्थित हुन्छन् । मन्दिर नजिकै महादेवको मन्दिर पनि छ । राजा गुणकामदेवको पालामा यस मन्दिरको स्थापना गरिएको इतिहासमा उल्लेख छ । यहाँ नेपाल सम्वत् १०३५ भन्दा पुरानो शिलापत्र भेटिएको छ भने राणा प्रधानमन्त्री चन्द्रशमशेर र तत्कालीन राजा महेन्द्रले यस मन्दिरको जीर्णोद्धार गरिएको देखिन्छ । पित्तलको छाना र आकर्षक मन्दिर रहेको यस मन्दिरमा रहेका टुँडाल र तोरणमा यौनकलाका आकृति पनि देख्न सकिन्छ । मनमैँजुलाई इन्द्रायणी देवीका रुपमा प्रायः सबैले पूज्ने गर्दछन् ।

नेपाल सम्वत् ७८६ मा प्रताप मल्लले यस मन्दिरको स्थापना गराएको देखिन्छ । सो कुरा मन्दिरको बाहिरी मूल ढोकाको उत्तरपट्टि पूर्व फर्काएर राखिएको शिलालेखमा उल्लेख छ । वि.सं. २०३१ सालमा सञ्चार मन्त्रालयबाट प्रकाशित मेचीदेखि महाकाली नामक पुस्तकको दोस्रो भागमा मनमैजु मन्दिरको स्थापना वि.सं. १७४८ मा भएको कुरा उल्लेख छ । मन्दिरमा भएको अर्को शिलालेखमा राजा गिर्वाणयुद्ध वीरविक्रम शाहदेवले आफ्नी जेठी महारानीको नाममा यस मन्दिरको नित्य पूजालाई भनी वि.सं. १८५८ मा गुठी स्थापना गराएको पाइन्छ । वि.सं. २०१७ सालमा तत्कालीन राजा महेन्द्रबाट मन्दिरको जीर्णोद्वारका लागि केही रकम उपलब्ध गराएको देखिन्छ ।

इतिहासअनुसार राजा गुणकामदेव मल्लले कान्तिपुर सहरको स्थापनासँगै मनमैँजु मन्दिर बनाएको र मनमैँजुदेवीको जात्रा पनि प्रत्येक वर्ष चैत्र पूर्णिमाको अवसरमा पाँचदिनसम्म चलाउने परम्पराको थालनी गरेको उल्लेख छ । पछि राजा गुणकामदेवले उक्त मन्दिरसम्म पुग्ने बाटो निर्माण गरी स्थानीय बासिन्दालाई जागृत गराई इन्द्रायणीको नित्य पूजाअर्चना सहित चारदिनसम्म जात्रा चलाएछन् त्यसपछि पाचौँ दिनमा इन्द्रायणी देवीको चिनो सहित हीरामोति जडित भोटो देखाउँदा गुणकामदेव र स्थानीयबासीको मनोकाङ्क्षा पूरा भएछ । बडादसैँको नवरात्रीमा छैठौँ दिन मनोरथ तीर्थमा स्नान गरी मनमैँजुको पूजा अर्चना गर्ने चलन छ ।

बौद्ध वज्रयान परम्परानुसार यस तीर्थलाई महत्वपूर्ण तीर्थका रुपमा लिइने गरिन्छ । बौद्ध वज्रयान परम्पराका १२ तीर्थमध्ये यो पनि एक प्रमुख तीर्थ हो । मनमैँजुलाई अजिमा तथा इन्द्रायणीका रुपमा पुज्ने गरिन्छ । मनमैँजु मन्दिरमा बज्राचार्य पूजारी रहने चलन छ । मनमैंजुलाई मनसा पनि भनिन्छ । मनसा मनको इच्छा पूरा गर्ने देवी हुन् । शिवपुत्री मनसालाई नागमाता पनि भनिन्छ । महाभारत कालपछि मनसा नाम अपभ्रंश भएर मनमैंजु रहन गएको हो । मनसाको रुप अघोर भएका

कारण बली दिने चलन चलेको पाइन्छ । नाग, स्कन्द, अग्नि, ब्रह्म, विष्णु तथा शिव पुराणमाहरुमा समेत मनसाको चर्चा पाइन्छ ।

## पाँचमाने

काठमाडौं उपत्यकाका साँगाभञ्ज्याङ, बाडभञ्ज्याङ, पाटीभञ्ज्याङ जस्तै पाँचमाने भञ्ज्याङ पनि एउटा महत्वपूर्ण ऐतिहासिक भञ्ज्याङ हो। काठमाडौंको उत्तर/पश्चिममा तारकेश्वर नगरपालिका वडा नं.३ मा पाँचमाने भञ्ज्याङ छ । जुन पञ्चबुद्धसँग सम्बन्धित स्थल हो। नेवारी संस्कृतिमा यसलाई न्यागमणिका रुपमा चिनिन्छ। पञ्चध्यानी बुद्धहरु बैरोचन, अक्षोम्य, रत्नसम्भव, अमिताभ र अमोघसिद्धिको स्मरणार्थ पाँचवटा स्तूप(माने) स्थापना भएको र पछि यिनै पाँचवटा स्तूपका कारण पाँचमाने नाम रहन गएको हो ।

त्यहाँ पाँचवटा माने रहेको कुरालाई तिब्बती लेखक सोन युनले नक्सामा नै देखाएका छन् । पाँचमाने बौद्ध धार्मिक स्थलको संरचना निर्माणका सन्दर्भमा बेल्जियमका लेखक ह्युवर्ट डिक्लियरले सन् १०४१ म अतीश दीपङ्करले विशाल पाँचमाने बौद्धस्थल निर्माण गराएको भनी उल्लेख गरेका छन् । पाँचमानेको प्रतीकात्मक चित्र काठमाडौंको थामवहिलम रहेको छ भने ह्युवर्टले उल्लेख गरेका छन् ।

विक्रम सम्वत् २०१७ सालपूर्व काठमाडौं उपत्यकाबाट पश्चिमतिर आवतजावत गर्ने प्रमुख मार्गका रुपमा पाँचमानेको विशेष स्थान रहेको पाइन्छ। केहीवर्ष पहिले पाँचमानेमा मानाङ्क मुद्रा फेला परेको थियो। जसका कारण पाँचमानेको अस्तित्व लिच्छवि कालदेखि नै भएको र यो त्यतिबेलादेखि नै प्रमुख व्यापारिक केन्द्र भएको अनुमान गर्न सकिन्छ। भोट र तिब्बतसँग व्यापारको प्रमुख मार्ग पनि पाँचमाने नै रहेको पाइन्छ ।



न्यागमणिको जीर्णोद्धारका लागि विक्रम सम्वत् २०७१असोजमा विशेष पहल भएको देखिन्छ । जहाँ पाँचवटा नागले फणा फिँजाएर बुद्धलाई घेरेको ५०० किलो तौलको मूर्ति स्थापना गरिएको छ । न्यागमणिको जीर्णोद्धारका लागि ज्ञानमाला भजन खलले सम्पूर्ण जिम्मा लिएको हो । जीर्णोद्धार कार्यमा ६ सयभन्दा बढी आजीवन सदस्यहरुले सहयोग गरेको देखिन्छ । जीर्णोद्धार गरिएको न्यागमणिको उद्घाटन तत्कालीन श्रीलङ्काका राजदूत डब्लु. एम. सेनविराथनाले विक्रम सम्वत् २०७१ साल असोज २५ गते शनिबार गरेका थिए ।

## जितपुरफेदी

नुवाकोट जिल्लाको ओखरपौवासँग जोडिएको पाँचमानेको पूर्व र तारकेश्वर महादेवको दक्षिणपट्टि शिवपुरीको काखमा पर्ने पर्ने यो स्थल ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण मानिन्छ । कुनैबेला प्रमुख व्यापारिक मार्ग बनेको यस स्थलको आफ्नै

ऐतिहासिक विरासत पनि छ । यो कलाकार महजोडीका म अर्थात् मदनकृष्ण श्रेष्ठको जन्मभूमि समेत हो । ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्व बोकेको न्यागमणी तलको फेदीमा रहेको चैत्यको निर्माण महामञ्जुश्रीले गरेको भन्ने किंवदन्ती पाइन्छ । उक्त प्राचीन चैत्यनजिकै शिलालेख र ढुङ्गेधारा पनि रहेका छन् ।



नेपाली फौजले चिनियाँ फौजलाई काठमाडौँ उपत्यका पस्न नदिई चातुर्यतापूर्वक लडाइँ गरी जितेको ठाउँ (पुर) बाट नै यसको नाम रहन गएको हो । बालचन्द्र शर्माको नेपालको ऐतिहासिक रूपरेखा नामक पुस्तकमा उल्लेख भएअनुसार पृथ्वीनारायण शाहको पालामा नेपाल र भोटबीच भएको सन्धिलाई भोटले उल्लङ्घन गरी नेपालतिर आक्रमण गऱ्यो । त्यसको बदलामा नेपाली सेनाले भोट पुगी त्यहाँबाट सम्पत्ति लुटेर ल्याउनुका साथै केही भोटो पदाधिकारीलाई कैद समेत

गराए । वि.सं. १८४८ (ई.सं. १७९२) मा भोटको रक्षा गर्न भनी हजारौँ चिनियाँ सेना भोट आए । उनीहरु बेत्रावती, खरानीटार, थानसिङ, ककनी हुँदै पाँचमानेतिर बढे । नेपाली सेना पनि पाँचमाने वरपर तैनाथ थिए । जसको सङ्ख्या दुई तीनसयभन्दा बढी थिएन । यसपछि काठमाडौँ उपत्यकाको संरक्षणार्थ सरकारी ढुकुटी, गरगहना, बहुमूल्य पदार्थहरु मकवानपुर पठाइयो । वि.सं. १८४८ (इ.सं. १७९२ सेप्टेम्बर १९) तारिखको रात चिनियाँ तथा भोटका सेना बिना अवरोध पाँचमाने आइपुगे । त्यतिबेला नेपाली सेनाले बडो चलाखीपूर्वक जङ्गलका बुट्टाहरुमा राँको बाली, तल मैदान फेदी वरपरका घरेलु जनावरका सिङमा समेत राँकाहरु बाली छोडियो । त्यसपछि चिनियाँ सेनाहरु आफू चारैतिरबाट घेरिएको महसूस गर्दै त्यहाँबाट उत्तर पश्चिम तिर नै फर्किए । नेपाली सिपाहीले उनीहरुलाई बेत्रावतीसम्म लखेटे । यसरी चिनियाँ सेनाको कब्जामा रहेको भू-भागमाथि विजय प्राप्त गरेको वा जितेको कारण यस ठाउँको नाम जितपुर रहन गएको हो र पहाडको फेदमा भएकोले यसलाई जितपुरफेदी भनिएको हो ।

त्यस्तै, तिनपिप्ले नजिकै एउटा बस्ती छ जसलाई कोट भनिन्छ । मल्लकालीन समयमा यहाँ कोत पूजा गर्ने गरिएकोले यस स्थलको नाम कोतबाट कोट रहन गएको भन्ने किम्वदन्ती समेत छ। नेपाल राज्यको एकीकरण पश्चात् सय वर्षपछि सम्म पनि यहाँ कोत रहेको थियो । कोत वरपर आवाद भएका गाउँबाट नै यस ठाउँको नाम कोतगाउँका रुपमा चिनिन थाल्यो । मल्लकालमा यहाँ कोत पूजा गरिन्थ्यो र कोत पूजा गरिने भएका कारण यस ठाउँको नाम कोतगाउँ हुँदै कोट रहन गएको हो ।

## ऐतिहासिक मुडिखुगढी र भ्यूटावर

इतिहासमा उल्लेख भएअनुसार उपत्यकाका मल्लराजाहरुले गोर्खाली तथा बाह्य आक्रमणबाट उपत्यकालाई जोगाउन ठाउँठाउँमा गढी, कोट, किल्ला निर्माण गराएका थिए । यसैक्रममा निर्माण भएको एउटा गढी नै मुडिखुगढी हो ।

काठमाडौँबाट करिब सात किलोमिटर पश्चिममा पासाङल्हामु लोकमार्ग नजिक जोडिएको गोलढुङ्गा र जितपुरफेदीको सिमानामा मुडिखुगढी अर्थात् गढीथुम्को छ । हाल तारकेश्वर नगरपालिकाको धरोहरको रुपमा रहेको भ्यूटावर यसै स्थानको प्रमुख ३ गढी मध्य १ गढी भएको स्थानमा निर्माण गरिएको यहाँको

भग्नावशेषहरुबाट समेत अंकलन गर्न सकिन्छ । यस गढीथुम्कोसँग नेपाल राज्य एकीकरणको एउटा महत्वपूर्ण गाथा जोडिएको पाइन्छ ।

तत्कालीन अवस्थामा राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले नेपाल एकीकरणलाई सार्थक बनाउन कान्तिपुर राज्य वरपरका राज्यमाथि विजय प्राप्त गर्नु बढी आवश्यक थियो । त्यसैले पृथ्वीनारायण शाहको पहिलो लक्ष्य नै उपत्यका वरपरका स-साना राज्य कब्जा गर्नु थियो । पृथ्वीनारायणको विशाल नेपाल एकीकरणको अवस्था ज्यादै सक्रिय रहेको हुँदा गोर्खाली आक्रमणबाट काठमाडौँको उत्तरभेग पनि अछुतो रहन सकेन । यसै क्रममा मुड्खु, धर्मस्थली तथा बालाजु (ल्हुतिकोट) लाई पृथ्वीनारायण शाहले एकीकरणको क्रममा विजय प्राप्त गरेको तथ्य इतिहासमा पाइन्छ । इतिहासविद् बाबुराम आचार्यद्वारा लिखित् श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको सङ्क्षिप्त जीवनी नामक कृतिमा 'काहुले भञ्ज्याङ्गबाट झरेपछि लिच्छविकालदेखि आवाद भएर रहेको बस्ती धर्मस्थली गाँउ थियो, त्यो दखल गर्न कठिन थिएन । त्यसका बगलमा पश्चिमपट्टि खँड्का क्षत्रीहरुको बस्ती भएको मुडिखु गाँउ थियो र त्यहाँका मुख्य भएर रहेका हरि खँड्कालाई आफ्ना पक्षमा मिलाउन श्री ५ पृथ्वीनारायण शाहले प्रयत्न गरे (जनवरी १७६५) । त्यो प्रयत्न विफल हुँदा अप्रिलका आरम्भमा श्रीकृष्ण पाठकका नेतृत्वमा गएको गोर्खाली सैनिक दलले मुडिखुठानामा आक्रमण गऱ्यो । गोर्खालीद्वारा भएको यस आक्रमणलाई खँड्काहरुका नेतृत्वमा मुडिखुठानाको रक्षाका लागि रहेको सैनिक दलले खप्न सकेन र सजिलैसित पराजित भयो । खँड्काहरुका नेता हरि खँड्का र निजका छोरासमेत २०–२५ जनाले आत्म समर्पण गरे र यिनका साथ १६४ जना मुडिखुले पक्रिएर नुवाकोटमा लगी कैद गरिए ।' त्यसपछि मुडिखुमाथि गोर्खालीहरुको आधिपत्य कायम भएको पाइन्छ । यस तथ्यले यहाँ गढी रहेको तथ्य सहजै प्रष्ट हुन आउँछ ।



प्रारम्भमा गढी थुम्कोमा ५ वटा थुम्का थिए तर हाल ३ वटा मात्र रहेका छन् । वि.सं. ०४४/४५ सालतिर गढीको पश्चिमपट्टिको भाग भत्केको बेला प्राचीन गोली भेट्टिएको थियो । अझ यहाँ उत्खनन भएमा महत्वपूर्ण प्रमाण फेला पर्न सक्छ । ऐतिहासिक गढी थुम्कोको भ्यू-टावर नजिक वि.सं. २०७१ कार्तिकमा उत्तरपट्टिको समथर भागमा खन्दा जमिनमुनि पुरिएर रहेको अवस्थामा ढुङ्गाको जग र प्राचीन तेली ईटा समेत फेला परेको थियो । मल्लकालीन र शाहवंशीय इतिहासको दस्तावेजलाई बोकेर बसेको मुड्खु र गढीथुम्कोको ऐतिहासिक महत्व रहेको छ । हाल नगरपालिकाले गुरुयोजना तयार पारी संरक्षण गर्न आवश्यक कार्य पनि सञ्चालन गरेको छ । यस ठाउँमा निर्मित भ्यूटावरको संरक्षण र यहाँको संरक्षण सम्वर्द्धन एवम् पर्यटन विस्तारमा नगरपालिकाले विशेष कदम चालेको छ ।

# लखपात अर्थात् डुक्रने पानी

'यो बालाजुको डुक्रने पानी डुक्रन्छ गोरुझैँ, मै पनि अब छहरा बनी पहरा फोरुँझैँ' भन्ने राष्ट्रकवि माधवप्रसाद घिमिरेद्वारा लिखित् 'किन्नर किन्नरी' कविता सङ्ग्रहमा सङ्गृहीत यी सुन्दर पङ्क्तिले डुक्रने पानी भनेर बालाजुनेर गोलढुङ्गाको डुक्रने पानीलाई नै बुझाउँछ। तारकेश्वर नगरपालिका वडा नं. ४ मा पर्ने डुक्रनेपानीमा कुनैबेला हुत्तिएर बेतोडले पानी बगेर आउने गर्दथ्यो । जहाँ चालीसको दशकसम्म पोखरी थियो ।

राष्ट्रकवि माधवप्रसाद घिमिरे, महाकवि लक्ष्मीप्रसाद देवकोटा, युगकवि सिद्धिचरण श्रेष्ठ लगायतका कवि स्रष्टाहरु यस रमणीय ठाउँका घुम्न आउने तथ्य उनीहरुका लेखहरुमा भेट्न सकिन्छ। साहित्यकार राजेश्वर देवकोटाले मिर्मिरे मासिक २०६० असार अङ्कमा 'धर्मस्थलीबाट डुक्रने पानी पुगियो। खडेरी परेको बेला यहाँ बसाहा डुक्रिँदो रहेछ, त्यस्तै किम्वदन्तीको आधारमा त्यसको नाम डुक्रने पानी भएको अनुमान गर्न सकिन्छ' भन्ने उल्लेख गरेका छन् ।

डुक्रने पानीको ऐतिहासिकताका सम्बन्धमा जनकलाल शर्माले हाम्रो समाजः एक अध्ययन पुस्तकमा उल्लेख गरेका छन् 'काठमाण्डूको प्रसिद्ध ठाउँ बालाजुको छेउमा डुक्रने पानी नामको एउटा ठाउँ छ। त्यहाँ वर्षा चाँडो नभए गर्ने कृत्य अर्कै प्रकारको देखिन्छ। हालमा पनि डुक्रने पानीमा एउटा ढुङ्गाको आकृति बसाहा रहेको छ। सम्भवतः त्यो बसाहा पहिले त्यहाँको गौचरमा राखिएको हुँदो हो। काठमाण्डू उपत्यकाको गौचर भूमिमा बसाहा राख्ने प्रथा पहिले आम प्रचलनमा थियो। जनसङ्ख्याको वृद्धिले गर्दा गौचर भूमि मासिँदै गएपछि प्राचीन समयमा राखिएका गौचर भूमिका प्रतीक बसाहा अस्तित्व विहीन भएका छन् । यस्तै लावारिस बसाहा डुक्रने पानीमा पनि छ। पहिले त्यो बसाहा गौचर भूमिको प्रतीक हुँदो हो तर आज त्यो बसाहा वर्षा गराउने एउटा साधन हुनपुगेको छ। वर्षा हुन विलम्व हुनासाथ त्यहाँका कृषकहरु मिलेर त्यस ढुङ्गाका बसाहालाई नोलले खुब हिर्काउँछन् र लडाएर उत्तानो पार्दछन्। यसरी कुटेर उत्तानो पारेको त्यो बसाहा राती उठेर डुक्रिन्छ र पानी पर्छ' भन्ने विश्वास किसानहरुले हाल पनि गर्दै आएका छन् । यसप्रकार बसाहा डुक्रँदा पानी पर्ने हुँदा त्यस ठाउँको नाउँ नै डुक्रनेपानी हुनगयो र आज पनि त्यही नाम कायम छ। तर डुक्रने पानी भन्दा भन्दै हाल दुगुर्ने पानी भन्न थालिएको छ ।



प्रारम्भमा यस पोखरीको छेउमा शिवलिङ्ग र साँढे रहेकोले पोखरी पुरिँदै गएपछि पोखरीको पूर्वपट्टि रहेको महादेव खोलाको किनारामा पीपलको रुखमुनि ती मूर्तिलाई स्थापना गरिएको छ । वर्षामा नागार्जुन पहाडबाट आएको भेल बाढीका कारण यो दगुर्ने पानी पोखरी केहीवर्ष अगाडि पुरिएको थियो । केही वर्ष पहिले यस पोखरीमा पानीको मुहान भेटिन्छ कि भनेर पुरिएको पोखरीलाई खन्ने काम पनि नभएको होइन तर उत्खनन गर्दा पनि पानीको कुनै मुहान फेला परेन । त्यही पोखरी भएको ठाउँमा हाल फलामे बारले घेरिएको छ  भने माथिल्लो भागमा तारकेश्वर नगरपालिका वडा नं ४ को वडा कार्यालय भवन निर्माण गरिएको छ । डुक्रने पानीलाई नेवारी भाषामा लखपात भनिन्छ । पानी दगुर्ने भएकोले नै नेवारीमा ‘ल पा’ भनिएको र ‘ल पा’ बाट नै लखपात नाम गएको जनश्रुति पाइन्छ ।

# जयन्तीपुर अर्थात् फुटुङ

ऐतिहासिक प्राचीन बस्ती धर्मस्थली र टोखा नगरको बीचमा रहेको महत्वपूर्ण प्राचीन सुन्दर बस्ती हो फुटुङ। धर्मस्थली र फुटुङलाई महादेव खोलाले छुट्याएको छ। परापूर्व कालमा धर्मस्थलीमा पाहाँचह्रे जात्राको अघिल्लो दिन गाडिएको लिङ्गो उखेलिएर पूर्वतिर उँड्दा झल्लर फुटुङमा खसेछ भने लिङ्गो टोखामा अडिएछ। हराएको ध्वजापताका र लिङ्गोको पछिपछि आएका धर्मस्थलीबासीले 'फुट फुट' भन्न थालेछन् र त्यही फुट फुटबाट नै कालान्तरमा फुटुङ नाम रहन गएको हो भनिन्छ। धर्मस्थली बासी लिङ्गो खोज्न फुटुङ आइपुग्दा खसिरहेको झल्लर देखेर लान खोजे तर फुटुङबासीले आफ्नो ठाउँमा आएकोले त्यसलाई नफर्काउने भनी उनीहरुलाई  दिएनन् र उनीहरु रित्तै फर्किए। चैत्र मसान्तका दिनदेखि बैशाख ४ गतेसम्म फुटुङमा हुने जात्रामा उक्त झल्लरलाई फुटुङमा गाडिने लिङ्गोमा झुण्डाएर राख्ने चलन छ।

मल्लकालमा नेवाः राज्यलाई तिब्बत भोटमा गाभ्नका लागि तिब्बती भोटे सेनाहरु आई नेवाः राज्यमा आक्रमण गरेछन्। यस क्रममा नेवाः राज्यका सैनिक र भोटे सेनाहरुबीच युद्ध भएछ। नेवाः राज्यका सेनाहरुले वीरतापूर्वक लडी यसै स्थानमा पुग्दा सबै भोटे सेनाहरु समाप्त भएकोले नेवारहरु फुट फुट भनेर खुसी भएछन्। कालान्तरमा त्यही फुट भन्ने नेवारी शब्दबाट नै फुटुङ नाम रहन गएको हो भन्ने कथन पनि पाइन्छ। फुट भन्नाले नेवारी भाषामा सकिनुलाई बुझिन्छ। त्यस बेलादेखि लडाइँ सकिएको अर्थमा फुट भन्न थालियो र कालान्तरमा फुटबाट नै फुटुङ बन्न पुगेको हो भन्न जनश्रुति पाइन्छ।

धनवज्र वज्राचार्यको लिच्छविकालीन अभिलेख पुस्तकमा उल्लेख भएअनुसार बालाज्यूबाट एक कोश जति उत्तरपट्टि फुटुङ गाउँ रहेको छ। यहाँ एउटा सनद शिलापत्र भारी बिसाउन अनुकूल हुने गरी पल्टाएर राखिएको छ। तापनि तल्लो भागमा 'धर्म गुरुभि' भन्ने पद देखिन्छ। माथिल्लो भागमा पनि फाटफुट एक दुई अक्षर देखिन्छन्। यो अभिलेख अंशुवर्माको हो। अभिलेख अस्पष्ट भइसकेको छ तापनि यो लिच्छविकालीन प्राचीन बस्ती भएको प्रष्ट हुन्छ। जसलाई फुटग्राम भनेर पनि उल्लेख गरिएको पाइन्छ।




त्यस्तै, राणा प्रधानमन्त्री भीमशमसेरले वि.सं. १९८८ मा अल्ले र बौँडेश्वरको स्वच्छ पानी दरबार पुऱ्याउन र दरबारको घोडालाई घाँस ओसार्न ऐतिहासिक मार्ग निर्माण गराएका थिए। त्यस ऐतिहासिक बाटोसँग जोडिएको फुटुङको आफ्नै धार्मिक, सांस्कृतिक, ऐतिहासिक महत्व रहेको छ। फुटुङमा महालक्ष्मी, इन्द्रायणी, गणेश, महादेव, महाकाली, महालक्ष्मी, सप्तऋषि आदिका मन्दिर र स-साना मूर्तिहरुका साथै ऐतिहासिक नाग पोखरी पनि रहेको छ।

नारायणी जयन्तीदेवी शक्तिपीठको नामबाट फुटुङ चौरलाई जयन्तीपुर फुटुङ पनि भनिएको हो । पौराणिक कालमा सतीदेवीले आफ्नै बुबा दक्षप्रजापतिको यज्ञकुण्डमा हामफाली देहत्याग गरेपछि भावविह्वल महादेवले सतीदेवीलाई आफ्नो काँधमा बोकी यत्रतत्र मृत शरीर बोकी हिँड्दा विभिन्न अङ्गहरुको पतन हुने क्रममा जयन्तीपुरमा कलेजो पतन भएको र जयन्तीपुरपीठ जयन्तीपुरदेवी र

कल्पेश्वर महादेवको उत्पत्ति भयो भन्ने कुरा स्वस्थानी व्रतकथामा उल्लेख भएको पाइन्छ ।

परापूर्वकालमा खुल्ला चौरमा विराजमान देवीलाई ढुङ्गाको वरिपरि पर्खाल घेरेर राखिएको थियो । पछि पर्खाल जीर्ण अवस्थामा पुगेपछि २०४८ सालमा स्थानीय बासिन्दाहरुको पहलमा विभिन्न स्रोतबाट आर्थिक सङ्कलन गरी व्यवस्थित रुपमा दुईतल्ले गजुर सहितको मन्दिर निमांण गरियो । साथै वरपर पर्खाल र ढोका बनाई मन्दिरलाई सुरक्षित गर्ने काम गरियो । यो मन्दिर प्यागोडा शैलीमा निर्माण गरिएको छ । मन्दिरको दुवै छाना पित्तलबाट बनेको छ । विक्रम सम्वत् २०५३ सालमा त्यहाँ भएको पुरानो भजनकीर्तन गर्ने पाटीलाई पनि जीर्णोद्धार गरी नयाँ पाटी र श्रीकृष्णको मूर्ति स्थापना गरिएको छ ।

## लिच्छविकालीन नगरः धर्मस्थली

काठमाडौं उत्तरपश्चिममा एउटा प्राचीन लिच्छविकालीन नगर छ । जसलाई धर्मस्थली एवम् धमाथु नामले पनि चिनिन्छ । धर्मस्थली अर्थात् धर्म गर्नेहरुको स्थल भनेर सोझो अर्थमा अर्थ्याउँदा यहाँको सम्वत् ५१७को शिवदेव तथा अंशुवर्माको शिलालेखलाई सन्दर्भको रुपमा लिनुपर्ने देखिन्छ । शिलालेखका अनुसार 'धर्मस्थलीका बासिन्दाहरुलाई लेख्यदान र पञ्चपराध सम्बन्धी कामको अधिकार सुम्पी गरि दिएको सनदपत्रबाट यस भेगका बासिन्दाहरुलाई अधिकार कानुनव्यवस्था सम्बन्धी स्वायत्तता प्रदान गरेको प्रष्टिन्छ ।' जसले धर्मस्थलीको प्राचीनता र ऐतिहासिकतालाई पुष्टि गर्दछ । नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित लिच्छविकालीन नेपालको अभिलेख भन्ने धनवज्र बज्राचार्यको पुस्तकमा धर्मस्थली नगरको लिच्छविकालीन अवस्था, स्वायत्त, राज्य सञ्चालनको तौरतरिकाको विवरण प्रस्तुत छ । पुस्तकमा उल्लेख भएअनुसार काठमाडौं उपत्यकाको उत्तरी भेगमा टोखाको हाराहारीमा धर्मस्थली भन्ने बस्ती छ । त्यहाँ बस्तीबाहिर उत्तरतिर सानो देवस्थल छ, त्यहाँ नै यो अभिलेख कुँदिएको शिलापत्र रहेको छ । अभिलेख कुँदिएको भाग पच्चीस अङ्गुल लम्बा र एक्काइस अङ्गुल चौडा छ । यसको शिरोभागको बीचमा चक्र र दुईतिर शङ्ख अङ्कित छन् । यहाँ सम्वत् ५१७ लेखिएको छ । उक्त प्रमाणले यस स्थलको ऐतिहासिक महत्व रहेको देखिन्छ ।

वि.सं. २०१५ सालमा तत्कालीन राजा महेन्द्र पश्चिमाञ्चलको भ्रमणमा जाँदा यहींबाट जितपुरफेदी हुँदै गएको कारणबाट यो स्थल चर्चित बनेको स्थानीय बताँउछन् । काठमाण्डौ त्रिशुली सडक मार्गको निर्माण नहुन्जेलसम्म यस धर्मस्थली बजारको चहलपहल एउटा महत्वपूर्ण व्यापारिक केन्द्र झैं थियो ।



यहाँ महाँकाल, प्रिकुन(पिङ्गला), चुनदेवी, कुमार, पहरा गणेश(जलविनायक), महादेव, बंगलामुखी, नारायणी, कृष्ण, भगवती, सरस्वती, आकाश भैरव, बुद्ध, विश्वकर्मा आदिका मठमन्दिर रहेका छन् । विभिन्न विशेषता झल्काउने धर्मस्थलीको चर्चा वा प्रसङ्ग नेपाल भाषाका अनेकौं साहित्यमा पनि पाइन्छ। धर्मस्थली वा धमाथु चैत्यलाई स्वयम्भू महाचैत्यकी आमा पनि भनिन्छ। नेपाल सम्वत्को नवौं महिना गुँलापर्वको अन्तिम दिन विशेष पूजा र धमाथु चैत्य जात्रा

प्रत्येक वर्ष विजयादशमीको कोजाग्रत पूर्णिमाका दिन हुने गर्दछ। स्वयम्भू महाचैत्यभन्दा पहिले नै धर्मस्थलीमा बुद्धचैत्य बनिसकेको हुँदा धमाथु चैत्यलाई स्वयम्भूकी आमा भनिएको हो। राजा नृपेन्द्र मल्लको राज्यकालमा ने.स. ७९८/८०० मा यहाँस्थित भगवान ख्योमा चैत्य निर्माण भएको हो। धर्मदेव राजाले विशाल फाँटबाट बग्ने रुद्रमती र शेषमती नदीको दोभानमा धर्मेश्वर महादेवको स्थापना गरेको र पछि उक्त महादेव मन्दिर धर्मस्थली बजारको बीचमा लगेर राखिएको हुनाले महादेवकै नामबाट यस स्थानको नाम धर्मस्थली भएको हुनसक्छ । धर्मराजले यस स्थलमा आई तपस्या गरेकोले पनि यस ठाँउको नाम धर्मस्थली रहन गएको  भन्ने किम्वदन्ती छ। त्यस्तै, भारतका राजा अशोक बुद्ध धर्म दर्शनको सिलसिलामा यहाँ आएर धर्मस्थलीको स्तूप(ख्योमा) अगाडि पाली भाषामा धम्म धम्म शब्द थपी धर्मस्थली नाम दिएबाट धर्मस्थलीको नाम रहन गएको पाइन्छ। व्यापार तथा धार्मिक सिलसिलामा चीन तिब्बत यात्रा गर्ने यात्रुलाई यस स्थानमा बास दिने कार्यले गर्दा पनि यस ठाउँको नाम धमस्थली रहन गएको जनश्रुति भेट्टिन्छ ।

धर्मस्थलीलाई नेपाल तिब्बत भोटको व्यापारिक मार्गका रुपमा लिइन्छ। त्यस्तै, श्री ५ महाराजाधिराज प्रतापसिंह शाहको वि.सं. १८३२ साल माघ सुदी ५ रोज ५ को लालमोहरमा समेत धर्मस्थली नाम उल्लेख भएको छ। उपत्यका विजय प्राप्त गर्न पृथ्वीनारायण शाहले साथमा ल्याएका काठमाडौंकी कडेल्चोक भगवतीलाई वर्षको एकपटक माइती नुवाकोट लगिन्छ । आफ्नो माइत नुवाकोट जाने र फर्कने मार्गका रुपमा यो स्थान चर्चित छ । अहिले पनि उनको रथ हनुमानढोकाबाट त्रिशुली लैजाँदा एक दिन धर्मस्थलीमा बास बसाउने चलन छ। नेवारी समुदायको उत्कृष्ट तीर्थस्थल शिलूयात्रामा पनि यस स्थलको प्रसङ्ग पाइन्छ **। त्यसैले शिलूम्येमा *छेना दना बना धमाथुली बास, धमाथुली दना वना न्यागमणी बास* भनेर वर्णन भएबाट यो प्राचीन स्थल भएको प्रमाणित हुन्छ।**

धर्मस्थलीस्थित प्रिकुणको आफ्नै महत्व छ। सबैले प्रिकुन भने पनि शास्त्रीय मान्यतानुसार प्रिकुण भएको ठाउँमा पिङ्गलाको मन्दिर हुन्छ। त्यहाँ नदी उत्तरवाहिनी साथै प्रिकुण पूर्वउत्तरबाट दक्षिणपश्चिममा फर्किएको हुनु पर्दछ। आत्मशान्ति, मनशान्ति तथा ध्येयशान्तिका लागि पिङ्गलाको स्थानमा मृत्युपश्चात् दाहसंस्कार गर्ने गरिन्छ। त्यसैले प्रिकुणलाई ज्यादै महत्वपूर्ण मानिएको हो। प्रिकुण बाराहीनजिकै भूपालेश्वर महादेव मन्दिर पनि रहेको छ।

धर्मस्थली महाँकाल मन्दिरको पूर्वतिर प्रिकुनको दक्षिणमा प्रसिद्ध जलविनायक(पहरा गणेश)को मन्दिर रहेको छ । धर्मस्थलीमा पाहाँचह्रेका बेला जलविनायकको जात्रा लाग्दछ । महादेव खोलाको केहीमाथि पहाडको छेउमा ठूलो ढुङ्गाको आकारमा रहेको गणेशको स्वरुपलाई पहरा गणेशका रुपमा स्थानीयले पुज्ने गरेको पाइन्छ । गोलढुङ्गाबाट एकदिन पार्वती यहाँस्थित झरनामा स्नान गर्न आइछिन् । पार्वती माता माटोले कपाल नुहाउँदा त्यो माटो भुईमा खसेर बालक रुप धारण गऱ्यो । त्यो बालकलाई आफ्नो सन्तान सम्झेर गणेश नाम राखिदिइन् । आफू नुहाउँदा कोही पनि नआउन भनी पहरा दिन राखेका कारण उनै गणेशको नाम पहरा गणेश रहेको हो भन्ने जनश्रुति पाइन्छ ।

# धर्मस्थली महाङ्काल

सांस्कृतिक विविधताले भरिएको लिच्छविकालीन नगर धर्मस्थलीमा रहेका महत्वपूर्ण मन्दिरमध्ये महाकाल मन्दिर पनि एक हो । प्राचीन धर्मस्थली नगरको पश्चिमपट्टि नदीको दायाँपट्टि अवस्थित महाङ्काल मन्दिरको राजा रत्न मल्लले नेपाल सम्वत् ६२९/३० तिर (वि.सं.१५६६) निर्माण गरेको देखिन्छ । उनले कुंकु नाम गरेका भोटे देवानहरुको रखवारीका निमित्त तीनसय घरको सहर बसाएको पनि  पाइन्छ । उनीद्वारा स्थापित यस सहरको मुख्य देवता ॐ श्री महाकाल हुन् । राजा रत्न मल्लले भैरवको मूर्तिलाई प्राण प्रतिष्ठान गरी यस डाँडाको टुप्पोमा स्थापना गरेको कुरा देवमाला वंशावलीमा पनि उल्लेख छ। धर्मस्थलीका जनताको रक्षार्थ महाङ्काल भैरवको स्थापना भएकोले त्यसको महत्व प्रगाढ बनाउन भँगेरी राजा तथा गंगामहारानीले महाकाल भैरवको रथयात्रा परम्पराको थालनी गरेको पनि देखिन्छ ।



नेवारी संस्कृतिअनुसार प्राचीन परम्परायुक्त धर्मस्थली देश बसाउँदा देशको चारैतिर स्थापित अष्टमातृका पीठमध्ये महाङ्काल पनि एउटा विकसित धार्मिक स्थल हो । यो धर्मस्थली मूलबजारबाट दक्षिण दिशामा रहेको छ । महाकाल मन्दिरको निर्माण नेपाल सम्वत् ६५९ मा राजा प्रताप मल्लले गराएका थिए । जुन मन्दिर पैगोडा शैलीमा निर्माण भएको छ । मन्दिर परिसरमा गणेश, सूर्य, नारायण, कुमार, राधाकृष्ण, बूढानीलकण्ठ, सरस्वती, शिवलिङ्ग आदि स–साना मूर्तिहरु पनि रहेका छन् । महाँकाल शिवजीको विकराल रुप हो भने महाङ्काली दुर्गाको भयङ्कर रुप हो । यस ठाउँलाई महाकाल वा महाङ्काली माई मन्दिर पनि भन्ने गरिन्छ । यस ठाउँमा रहेका महाङ्कालको बारेमा थुप्रै ग्रन्थमा चर्चा भएको पाइन्छ । त्यसो त जहाँ महाङ्काल हुन्छन् त्यहाँ महाङ्काली हुन्छिन् । त्यस्तै, त्यहाँ नाग (शेषमती) र गणेश पनि हुन्छन् । त्यसैले यहाँ पुष्प गणेश पनि छन् । पुष्प गणेशलाई हाल पुसल गणेश भनिन्छ । पुष्प गणेश भएकै कारण यस ठाउँको नाम कालान्तरमा पुसल रहन गएको हो । जसको प्रमाण नेपाल एकीकरण अभियानमा पृथ्वीनारायण

शाहलाई पुष्प विनायक गणेश मन्दिर धरमथली गाउँ निवासी कृष्ण भट्टले सहयोग गरेको हुनाले भट्टहरुलाई पृथ्वीनारायण शाहले यस धर्मस्थलीको जग्गा कुश विर्ता दिएको इस्तिहारबाट प्रष्ट हुन्छ। धर्मस्थली पुसलमा रहेको बस्नेतहरुको शिवालय धारावन क्षेत्रको पनि आफ्नै महत्व र विशेषता रहेको पाइन्छ। करिब ३ रोपनी क्षेत्रमा फैलिएको धारावन रणमर्दन बस्नेतले स्थापना गरेका हुन् । जहाँ शिवालय, कृष्ण र हनुमानका मन्दिर रहेका छन्। त्यस्तै, पुसलमा नारायण मन्दिर रहेको छ । जहाँ विभिन्न अवसरमा पूजाआजा गरिन्छ । यस भेगमा महिलाहरु सुत्केरी हुन नसकेमा वा व्यथा कम होस् भने नारायणको मन्दिरमा तेल चढाउने परम्परा चलिआएको छ।

## तासी छ्योलिङ गुम्बा

तारकेश्वर नगरपालिका वडा नं १ को चुनीसाङ्लामा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको काखमा एउटा प्राचीन र महत्वपूर्ण गुम्बा रहेको छ जसलाई तासी छ्योलिङ गुम्बा भनिन्छ । प्राकृतिक सुन्दरताले भरिएको यो गुम्बा रहेको ठाउँ कुञ्चिप्वाकल प्रारम्भमा नेवारहरुको ज्यादै प्राचीन बस्ती हो । नेवारी भाषामा प्वाकःको अर्थ प्वाकल वा ओखल हुन्छ। त्यसैले कुनाको घरमा रहेको प्वाकल वा ओखलको नामबाट नै यस ठाउँको नाम कुञ्चिप्वाकल रहेको हो । नेवारीको कुँछेप्वाकः नै कालान्तरमा कुञ्चेप्वाकल भएको हुन सक्दछ। कुञ्चिप्वाकल समुद्री सतहबाट करिब १५५० मिटर उचाइमा रहेको छ। यहाँबाट काठमाडौं उपत्यकाको मनोरम दृश्य देख्न सकिन्छ।

अहिले यहाँ प्रायः तामाङ बस्ती रहेको देखिन्छ । घरवरपर लुङ्दर टाँगिएका देखिन्छन्। मल्लकालीन नेवार बस्तीका रुपमा यस ठाउँलाई लिन सकिन्छ। यहाँ अहिले पनि नेवारी समुदायका थोरै मानिसको बसोबास भेटिन्छ। उनीहरु आफूलाई शिलाकार बताउँछन्। यहाँका नेवारहरु कुनै प्रकोप वा महामारीका कारण वा कुनै अन्य कारणले अन्यत्र बसाइँ सराइँ गर्न पुगेका हुन् भन्ने भनाइ स्थानीयको रहेको छ । विक्रम सम्वत् २०७२ को विनासकारी भूकम्पले यहाँका प्राचीन घरहरुमात्र भत्काएन । यहाँको प्राचीन गुम्बा तासी छ्योलिङ गुम्बा पनि भत्कायो । उक्त ऐतिहासिक गुम्बा रहेको सो ठाउँमा त्यसको भग्नावशेष सहजै देख्न सकिन्छ । आयातकार अवस्थामा रहेको उक्त चैत्य त्यतिबेलाका नेवारहरुले नै निर्माण गराएका हुन्। जसलाई कुञ्चिप्वाकलका नेवारहरुको चिनोका रुपमा लिन सकिन्छ ।



यहाँको चैत्य बौद्धनाथको जस्तो लाग्दछ । जहाँ बौद्ध धर्मअनुसार पूजापाठ गर्ने गरिन्छ । त्यस्तै, चैत्यको वरपर विभिन्न देवीदेवताका मूर्तिहरु पनि रहेका छन् । चैत्यको सबैभन्दा तल्लोभागमा नेवारी लिपिमा लेखिएको शिलालेख पनि रहेको छ । यस गुम्बामा तिब्बती राजा ठिसोङ देचेनका सन्तान पुजारी रहेका छन् । शिवपुरी नागार्जुन निकुञ्जको नजिकै रहेको आकर्षक महत्वपूर्ण यो गुम्बालाई महत्वपूर्ण पर्यटकीय स्थलका रुपमा लिन सकिन्छ । यसको संरक्षण, सम्बर्द्धन र प्रचारप्रसारका लागि नगरपालिकाले आवश्यक योजना तर्जुमा गरेको छ ।

# साङ्ला नारायणस्तम्भ

तारकेश्वर नगरपालिका वडा नं १ मा रहेको साङ्ला ऐतिहासिक महत्वको स्थान हो । यहाँ साङ्ला भीमसेन, तलेजु, चुनदेवी, नारायण स्तम्भ, तुलजा क्वाथ लगायतका कैयन् महत्वपूर्ण सम्पदाहरु रहेका छन् । साङ्ला केशावती नदीको तिरमा रहेको छ । बौद्ध धर्म मतानुसार केशावती नदीमा तपस्वीको केश बगेको थियो र जसमा नामबाट नै नदीको नाम केशावती रहेको हो । कुनैबेला यही नदीको तिरैतिरबाट लामा लामा रौँ भएका घोडाहरु आवतजावत गर्दथे । ती घोडाहरु छाप भन्ने ठाउँमा ल्याएर राखिन्थे । छाप भन्ने ठाउँमा घोडाहरु ल्याएर राख्ने ठाउँलाई नेवारीमा सलः क्वाठ भनिन्थ्यो । यही सलः क्वाठ शब्द अपभ्रंश हुँदै त्यस ठाउँको नाम सलक्वा, सल्का हुँदै साङ्ला भएको पनि हुन सक्छ । यो खोलाको पानी ज्यादै सङ्लो भएका कारण यस ठाउँलाई साङ्ला भनिएको हुन सक्दछ । केशावती नदी संलखुसी र साङ्ले खोलाको छाप भन्ने ठाउँमा मिल्दछ । जसलाई सलः क्वाठ भनिन्छ ।

यही सलः क्वाठको उत्तर पश्चिम डाँडामा साङ्ला भन्ने बस्ती रहेको छ । यसै बस्तीको बिचमा तुलजा भवानीको तुलजा क्वाठ रहेको छ । राजा त्रिभुवनले विक्रम सम्वत् २००८ साल बैशाख शुक्ल परेवाका दिन स्तम्भ खडा गरेको कुरा यहाँस्थित नारायणको स्तम्भबाट सो कुरा बुझ्न सकिन्छ । जहाँ घोडेजात्रामा लिङ्गो गाड्ने चलन पनि छ । यहाँ लिङ्गो गाडेपछि घोडेजात्राको पन्ध्रदिनपछि जात्रा मनाउने गरिन्छ । साङ्लाको आफ्नै धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्व भएको कारण यसलाई विविधताको नगरी भनिन्छ ।



## बृहत् शान्तिधाम

तारकेश्वर नगरपालिका वडा नं २ काभ्रेस्थलीको उच्च भागमा निर्माण भएको यस स्थानबाट उपत्यकाको मनोरम दृश्यावलोकन गर्न सकिन्छ । काभ्रेस्थलीमा नवनिर्माण भएको बृहत् शान्तिधामलाई महत्वपूर्ण धार्मिक तथा पर्यटकीय सम्पदाका रुपमा पनि लिन सकिन्छ । यस धामको उद्घाटन २०७५ वैशाख ६ गते महामहिम राष्ट्रपति विद्यादेवी भण्डारीबाट भएको थियो ।

२०६८ सालमा स्थापना भएको बृहत् शान्तिधाम नेपालसंस्थाको परिकल्पना अनुसार नेपालमा पनि चारधाम छ भनेर धार्मिक विश्वास र आस्था अभिवृद्धि

गर्नकालागि यसको स्थापना गरिएको हो । विष्णुबूढानीलकण्ठबाट चण्डेश्वरी साङ्ला हुँदै यस मन्दिरसम्म पदयात्रा गरेर प्रत्येक वर्ष अक्षय तृतीयाका दिन यसको भव्यरुपमा वार्षिकोत्सव मनाइन्छ । धार्मिक पर्यटनका लागि यो क्षेत्र ज्यादै महत्वपूर्ण स्थलका रुपमा लोकप्रिय हुँदै गएको छ । नगरपालिकालाई यस तीर्थले धार्मिक पर्यटनको व्यापक सम्भावना भएको नगरका रुपमा पनि तारकेश्वरलाई स्थापित गरेको छ । यस नगरका थुप्रै महत्वपूर्ण सम्पदामध्येको यो सम्पदा हालै निर्मित सबैभन्दा ठूलो सम्पदा हो ।



# डिन्चेन साम्तेन छोइलिङ गुम्बाः

तारकेश्वर नगरपालिका वडा नं ५ गोलढुङ्गा घट्टेपाखामाथि एउटा आकर्षक गुम्बा रहेको छ । जसलाई डिन्चेन साम्तेन छोइलिङ गुम्बा भनिन्छ । यो महायान बौद्धमार्गीहरुको प्रमुख तीर्थस्थलका रुपमा लोकप्रिय छ ।

पासाङ ल्हामु मार्गको तल नागार्जुन पहाडको काखमा रहेको यो गुम्बामा बौद्धमार्गीहरु विभिन्न समयमा पूजाअर्चना प्रार्थना गर्न आउँछन् । नागार्जुन पर्वतको काखमा रहेको यो गुम्बा शान्ति गुफाभन्दा अलिकमाथि रहेको छ । यस गुम्बामा प्रायः वैशाख पूर्णिमामा विशेष पूजापाठ हुने गर्दछ । जेठ महिनामा करुणामय लोकेश्वरको व्रतका दिन पनि यहाँ पूजापाठ गर्न थुप्रै भक्तजन आउने गर्दछन् । ग्याल्बो ल्होसार र गुरु पदमसम्भवको जन्मदिन श्रावण दशमीका दिन पनि यहाँ पूजापाठ गर्न थुप्रै भक्तजनहरु आउने गरेको पाइन्छ ।



मनोरम स्वच्छ सुन्दर वातावरणमा रहेको यस गुम्बाको निर्माण विक्रम सम्वत् २०६० सालमा भएको हो । जहाँ थुप्रै बौद्धभिक्षुलाई शिक्षा दिने पनि गरिन्छ । यस गुम्बामा बौद्ध धर्मावलम्बीबाहेक हिन्दूहरु पनि बैशाख पूर्णिमामा बुद्धको प्रार्थना र दर्शन गर्न आउँछन् ।

## सिद्धेश्वर महादेव

तारकेश्वर नगरपालिका ३ मा सिद्धेश्वर महादेव मन्दिर महादेव खोलाको वायाँ किनारामा ठूलाठूला ढुङ्गाको बीचमा रहेको छ । मन्दिर संरक्षणका लागि पाटी बनाउने क्रममा मन्दिरको प्राङ्गणमा ईंटाको गारो भेटि्टएको थियो । उक्त शिवलिंग लिच्छविकालीन मानिन्छ भने मन्दिर १९९७ सालमा निर्माण भएको पाइन्छ । ११७ से मी लम्बाइ र ८७ से मी चौडाइ भएको जलहरीमा अष्टपत्र कुँदिएको छ । शिवलिंगमा पनि  प्राचीन मूर्तिमा लगाइने लेप नै लगाइएको छ । जसका कारण उक्त शिवलिङ्ग १३०० देखि १९०० वर्ष पुरानो भएको अनुमान गर्न सकिन्छ ।

सिद्धेश्वर महादेव मन्दिर निर्माण समितिको पहलमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको संस्कृति महाशाखाबाट बजेट विनियोजित भई आर्थिक वर्ष २०५८/०५९ मा पुरातत्व विभागलाई निर्माणको जिम्मा सुम्पिएको देखिन्छ । मन्दिर निर्माणका क्रममा त्यतिबेला दक्षिण पश्चिममा पुरानो जगको ईटामा २१ वटा लिच्छविकालीन मुद्रा फेला परेका थिए । यस भेगमा प्राप्त शिवलिङ्गमध्येको यो सबैभन्दा पुरानो र प्रमाणित रहेको देखिन्छ । पुरातत्व विभागले समेत मान्यता दिएर निर्माण गरिएको यस मन्दिरलाई महत्वपूर्ण सम्पदाको रुपमा लिन सकिन्छ ।



# भुवनेश्वरी मन्दिर

तारकेश्वर नगरपालिका वडा नं.३ ऐतिहासिक पाँचमाने भञ्ज्याङको पुछारमा तिनपिप्लेको उत्तर सिरान तथा राजपुर डाँडामा भुवनेश्वरी मन्दिर रहेको छ । प्रारम्भमा यहाँ कुनै राजाको दरबार रहेको स्थानीयको भनाइ पाइन्छ । जब कि यहाँ केही वर्षअगाडि प्राचीन ईंटा पनि फेला परेको थियो । किराँत कालमा यो राजपुर दुर्ग रहेको अनुमान गर्न सकिन्छ । प्राकृतिक दृष्टिले मात्र नभएर पर्यावरणीय तथा पर्यटकीय दृष्टिले समेत ज्यादै लोकप्रिय रहेको छ । भुवनेश्वरी मन्दिरलाई आधुनिक महत्वपूर्ण शक्तिपीठका रुपमा लिन सकिन्छ ।



यो ज्यादै आकर्षक वा शिखर शैलीमा निर्माण भएको छ । २७ वटा स–साना गजुर र बिचमा मुख्य गजुरले सजिएको माता भुवनेश्वरीको मन्दिरलाई आस्थाको प्रमुख धरोहरका रुपमा लिइन्छ । जहाँ टाढा टाढाबाट थुप्रै भक्तजन आउने गर्दछन् । आकर्षक शिखर शैलीम निर्माण भएको यस मन्दिर नेपाली वास्तुकलाको एउटा अनुपम नमुना नै हो । यस मन्दिरले तारकेश्वर नगरको पर्यटन विस्तारमा पनि थप टेवा पुऱ्याएको पाइन्छ ।

## देवस्थली मन्दिर

तारकेश्वर नगरपालिका वडा नं २ मा अवस्थित देवस्थली मन्दिर यस भेगकै महत्वपूर्ण ऐतिहासिक मन्दिर हो । भेडीगोठ गाउँको उत्तरमा थली परेको स्थानमा इन्द्रायणी देवीहरुमध्येकी कान्छी इन्द्रायणी देवी देवस्थली (देउथली)माईको मन्दिर छ । थली परेको जमिनमा रहेको देवीको मन्दिर हुनाले देवस्थली (देव+थली) अर्थात् देउथलीमाईको नामले इन्द्रायणी देवीलाई चिनिन्छ । प्राचीन कालमा देउथलीमाई

मन्दिर परिसर वा चौरमा चण्डेश्वरी, मनकामना, गोरखकालीसहित सातैवटा इन्द्रायणी देवीहरु सभा बस्ने भएकाले नै यस ठाउँको नाम देवस्थली रहन गएको हो भन्ने जनश्रुति छ ।



देवस्थली मन्दिर क्षेत्र करिव ३० रोपनी क्षेत्रफलमा फैलिएर रहेको छ । मन्दिर परिसरमा स्थानीय नेवार समुदायका कुलदेवता लगायत विभिन्न देवीदेवताका मन्दिरहरु समेत रहेका छन् ।

यस क्षेत्रलाई हिजोआज भेडीगोठ भनेर पनि चिनिन्छ । ७०/७५ वर्ष अघिसम्म तिब्बतबाट दशैंको लागि ल्याइने भेडाच्याङ्ग्राहरु २/३ दिनसम्म यसै स्थानमा गोठमा राख्ने चलन थियो । यसरी हरेक वर्ष व्यापारीहरुले यहाँका फराकिला चौरमा भेडागोठ राख्ने गरेकाले यस ठाउँलाई भेडीगोठ गाउँ भनिएको हो भन्ने स्थानीय जेष्ठ नागरिकको भनाइ छ ।

# महत्वपूर्ण जात्रा/परम्परा

# ३. महत्वपूर्ण जात्रा/परम्परा

## धर्मस्थली पाहाँचह्रे जात्रा

जात्राको नगरी धर्मस्थलीमा चैत्र महिनामा पाहाँचह्रे जात्रा विशेष धुमधामले मनाइन्छ । यो जात्रा यहाँको ज्यादै प्रसिद्ध जात्रा हो । जुन जात्रा काठमाडौँ उपत्यकामा मनाइने प्रचलित जात्रामध्येको पनि एक हो । यो जात्रा पाँचदिनसम्म आफन्तसँग जमघट गरेर विशेष धुमधामसँग मनाइन्छ ।

घोडेजात्राको पाँचदिनअगाडि नै देवताका मूर्ति र खटलाई सरसफाइ गरेर रङरोगन गरिन्छ । त्यसपछि साँझमा बाजा बजाइन्छ । यसले जात्राको शुभारम्भ भएको जनाउँछ । जात्रा नजिक आएको सङ्केतका रुपमा साँझपख जहिले पनि बाजा बजाउने चलन छ । घोडेजात्राको  अघिल्लो दिन चतुर्थीका दिन विभिन्न देवीदेवताका खटलाई मध्यरातमा बाजागाजाका साथ आठ जानाले बोकेर आ आफ्ना खलामा राख्ने गरिन्छ । महाँकाल माइ, पिरकुन माइ, माथिल्लो गणेश, जरकू गणेश, पहरा गणेश, पुष्पगणेश, नारायणको नित्य पूजा गरिन्छ । त्यसपछि प्रसाद र भोज खाने र खुवाउने चलन छ ।

भोलिपल्ट अर्थात् जात्राको दोस्रो दिन बिहान सबै शक्तिपीठ वा मन्दिरहरुमा स्थानीय र बाहिरका मानिसहरु पूजाअर्चना र दर्शन गर्न आउँछन् । यो क्रम दिनभरि नै चलिरहन्छ ।

कोहीकोही बली चढाएर पूजा गर्छन् । रात परेपछि स्थानीय खेलाचौरमा स्थानीय द्वारे वा थकाली आएर बस्ने चलन छ । द्वारेको आदेशबेगर खलामा अघिल्लो दिन लगेको देवता उठाएर ल्याउन नहुने परम्परा छ । त्यसका लागि स्थानीय कपाली परिवार र खड्गी समाजका मानिसहरुले स्थानीय व्यक्तिहरुका साथै बाजागाजाका साथ द्वारे बसिरहेको ठाउँमा आई द्वारेलाई पूजा गर्छन् । माला लगाई बाजागाजासहित  नगर घुमाएर द्वारेको घर पुगेपछिमात्र उनको आदेशअनुसार प्रत्येक देवताका गुठीयारहरु बाजागाजासहित देवताको खट बोक्ने मानिसहरु लिएर शक्तिपीठमा पुग्छन् । मध्यरातमा नै देवताका मूर्तिलाई खटमा राखी बोकेर गाउँ, टोल परिक्रमा गराई मध्यरातमा स्थानीय द्वारेकै घरअगाडि महाँकाल, पिरकुन( प्रिकेण) र गणेशको रथ बिसाएपछि दोस्रो दिनको जात्रा समाप्त हुन्छ । त्यस्तै अन्य खटहरु जरङ्कू गणेश जरङ्कूमा नै, पहरा गणेश पारी गाउँमा र पुष्प गणेश र नारायणको रथ पुसलमा राखिन्छ ।



पाहाँचह्रेको तेस्रो दिन बिहानदेखि स्थानीय द्वारेको घरअगाडि राखिएको खटमा पूजा गरिन्छ । ती खटहरु दिउँसो उठाइन्छ । त्यसपछि क्रमशः घरटोलमा लगि पूजा बली ग्रहण गराइन्छ । दिउँसो स्थानीय लाछी बजारको बीच नासल देवताको अगाडि तीनवटै रथलाई बिसाइन्छ । त्यहाँ जरङ्कू गणेश र पहरा गणेश पनि साँझपख ल्याइन्छ र सिन्दूरजात्रा धूमधामसँग हुन्छ । सिन्दूरजात्रामा द्वारे परिवारले सरकारी पूजा गर्ने चलन छ । पहिला त गुठी संस्थानमार्फत् सरकारी पूजासहित तीनवटा थुम्वा बली दिने चलन थियो तर हिजोआज एउटामात्र थुम्वा बली दिने चलन छ । जात्राको चौथो दिनमा खटलाई यथास्थानमा नै राखी पूजाआजा गरिन्छ । बिहान र साँझ सिन्दूर जात्रा हुन्छ । यो दिन आराम गरिन्छ । जसलाई नेवारीमा सुलः भनिन्छ । यसदिन बेलुकापख नाचगान रमाइलो गरिन्छ ।

पाहाँचह्रे जात्राको अन्तिम दिन जात्रा हेर्नका लागि उपत्यकाका विभिन्न ठाउँबाट मानिसहरु यहाँ आउँछन् । आफन्त इष्टमित्र साथी सबै नातेदारहरु बिहानैदेखि जात्रा हेर्न जम्मा हुन्छन् । यसदिन बिहानको खाना पाहुनाहरुलाई खुवाई आफूहरुले खाईसकेपछि नायः खि बाजा बजाएर गाउँ परिक्रमा गर्छन् । यसरी बजाइएको बाजाले अब देवता उठाउने बेला भो सबै आउनुहोला भन्ने सङ्केत गर्दछ । बिहान

बाह्रबजेभित्र तीनैवटा रथ सिन्दूर जात्राका साथ उठाइ नगर परिक्रमा गराएर धर्मस्थली मूल बजारलाछीमा परम्परागतरुपमा खट जुधाउने वा भेट गराउने जात्रा सुरु हुन्छ । यतिन्जेलसम्म जरङ्कू गणेश र पारीगाउँको पहरा गणेशको खट पनि जात्रामा सामेल हुन आइसकेको हुन्छ । विशेषतः यो जात्रामा महाकाली माइलाई अन्य देवताहरुको खटले बाटो छेक्ने परम्परा छ । लाछी बजारको उत्तरतिरको प्रवेशद्वार ध्वाक्सीमा अन्य चारवटा खटले महाकाली देवीलाई पालैपालो छेक्छन् । बेलाबेलामा महाकाली देवी कहिले गगन टोल कहिले कोटः फलटोलमा लुकेर अन्य देवताको खटलाई झुक्याएर जान खोजेको दृश्य जात्रामा देख्न सकिन्छ । बाजागाजाको तालमा एउटा खट आठजनाले बोकेर निकैबेर हिँडेको देखिन्छ । धेरैसमयपछि आपसमा सल्लाह गरी मध्याह्नपछि अन्य देवताको खटहरुले महाकाली माईलाई बाटो छोडी दिन्छन् । त्यसपछि महाकाली माईको खटलाई नगरका गन्यमान्य व्यक्तिहरुले लिपपोत गरेर राखेको ठाउँमा लगेर विश्राम गराइन्छ । त्यसपछि गणेश र प्रिकुन पनि विश्राम गर्न सोही स्थानमा पुग्छन् र खट त्यही बिसाइन्छ । बाजा बजाउनेहरु, खट बोक्नेहरु खाजा खान आ-आफ्ना घरघरमा जान्छन् । जरङकू गणेश जरङ्कू र पहरा गणेश पनि पारी गाउँतिर नै लगिन्छ ।

अपराह्न खाजा खाइसकेपछि धर्मस्थली बजारमा जात्रा हेर्ने मानिसको भीड बढ्न थाल्छन् । देवता अनुसारका गुठीयार बाजा बनाउने खट बोक्नेहरु खट भएको ठाउँमा जम्मा हुन्छन् । तीनैवटा खट उठाएर पुनः गाउँ परिक्रमा गराइन्छ । त्यतिञ्जेलमा पहरा गणेश र जरङ्कू गणेशको खट पनि लाछी बजारमा आइसकेको हुन्छ । प्रत्येक खटलाई यतिखेर गुठीयारहरुले चमर पङ्खाले हम्किँदै झल्लरी छाता ओढाएर बाजागाजा नाचगान सहित लस्करै खटहरु राखेर गाउँ परिक्रमा गराउने गरिन्छ । परिक्रमा सकिएपछि महाँकाली माईलाई पुरानो भजनघर, हाथुद्यो फल्चापाटी, लाछी गणेशको बीचमा चमरपङ्खाले हम्काउँदै झल्लरी छाता ओढाएर राखिन्छ । क्रमशः लामबद्ध भई ध्वाकसी टोलबाट धर्मस्थली गणेश, जरङ्कू गणेश, पहरा गणेश, पिरकुनले महाकाली माइलाई तीनपटक घुमेर ढोगभेट गरेपछि एक वर्षको लागि बिदाबारी भई गुठीघरमा खट भित्र्याउने गरिन्छ ।

त्यसपछि महाकाली माईसग बिदाबारी भएर आइसकेपछि पिरकुन खट गुठीघरमा लगिन्छ । यसरी लाछी बजारदेखि गुठीयार, बाजाबजाउने, खट बोक्ने र देउतालाई पुऱ्याउन जानेले शिरमा टोपी र पाउमा जुत्ता लगाउँदैनन् । यसबेला नायःसि अर्थात् लाशलाई मसानघाटमा लैजाँदा बजाइने बाजा बजाइन्छ । जुन एक वर्षसम्म बिछोडिनु परेको कारण दुःख व्यक्त गरेको हो भन्ने जनश्रुति पाइन्छ । गुठीयारहरुले

देवताका मूर्तिलाई एक वर्षका लागि गुठीघरमा राख्छन् । खटचाहिँ प्रत्येक गुठीयारको घरबाहिर चारदिनसम्म राख्ने चलन छ । यसरी ऐतिहासिक, साँस्कृतिक नगरी धर्मस्थलीमा पाहाँचह्रे जात्रा समाप्त हुन्छ ।

## कतिपुन्हीः जात्रा

कतिपुन्हीः धर्मस्थलीमा मनाइने अर्को प्रमुख जात्रा हो । जुनजात्रा विजयादशमीको कोजाग्रत पूर्णिमाको दिन धूमधामसँग मनाइन्छ । जुन जात्रा अम्बेजात्राका रुपमा पनि लोकप्रिय छ ।

दशैँलगतै जात्राभन्दा अगाडि नै चैत्यको सरसफाइ रङरोगन स्थानीय गुठीयारबाट हुन्छ । भगवान बुद्धको मूर्तिलाई सिगाँरेर खटमा राखिन्छ । ध्वजापताकाहरु टाँगेर खट सिँगारिन्छ । सोही दिन राती बाजागाजसहित नगर परिक्रमा गराउँदै मध्यरातमा खटलाई खेलाचौरमा ल्याइन्छ । चैत्यको परिक्रका गराएर बुद्ध चैत्यको पूर्वतर्फको मूर्तिमा नै टाँसेर राखिन्छ । गुठीयार र श्रद्धालु भक्तजनहरु बजागाजाका साथ चैत्य वरपर चौरमा रातभर जाग्राम बस्छन् । भोलिपल्ट कोजाग्रत पूर्णिमाका दिन बिहानदेखि बुद्धको पूजाअर्चना हुन्छ । वरपरका टोल र नगरबाट पनि भक्तजनहरु यहाँ पूजाआजा गर्न आउँछन् । दिउँसोको साइतमा गुठीयारहरुले विशेष पूजाआजा गर्छन् ।



यस दिन लाग्ने जात्रा हेर्न काठमाडौँ उपत्यकाका विभिन्न ठाउँबाट मानिसहरु आउँछन् । जात्रा सुरु गर्न आएका पाहुना, स्थानीय महिलाहरु सकेसम्म एउटै पोशाकमा हातमा सुकुन्दा, कुचो, फूल लिएर बत्ती देखाउँदै बुद्धको खटको दायाँ र बायाँ लामबद्ध हुन्छन् । बाजागाजाका साथ कोजाग्रत पूर्णिमाको मध्यरातमा खटलाई चैत्यबाट उठाएर गाउँका बासिन्दाहरुको घरघरमा पूजाका लागि लगिन्छ । बिहानीपख नगर परिक्रमा सकिएपछि गुठीयारको देवता राख्ने घरअगाडि खट बिसाइन्छ । एक वर्षका लागि पुनः बुद्धको मूर्तिलाई भित्र्याइन्छ । स्थानीय परम्परा अनुसार खटलाई चाहिँ चारदिनसम्म सोही घरअगाडि नै राखिन्छ । यसलाई स्थानीयहरु सि घः पुन्ही पनि भन्दछन् ।

खेलाचौरबाट कोजाग्रत पूर्णिमाको मध्यरातमा बाजागाजा नाचगानसहित खट उठाएर बिस्तारै नगर परिक्रमा गराउने मूलजात्रा साह्रै रमाइलो हुन्छ । सो जात्रा हेर्न छिमेकी नगरबाट पाहुनाहरु समेत आएका हुन्छन् । विक्रम सम्वत्

२०४२/०४३ सालपछि उक्त जात्रामा कपडा (वासाःलानाः) ओछ्याएर खटलाई हिँडाउने चलन पनि चलाएको पाइन्छ।


## न्याँकन्डोल महाँकाल भैरव जात्राः

साबिक गोलढुंगा गाविस हालको तारकेश्वर नगरपालिका वडा नं ५ न्याँकन्डोलमा घोडेजात्रा वा पाहाँचह्रेको बेलामा महाँकाल भैरवको भव्य खटजात्रा हुने गर्दछ। यो जात्रा सुरु हुनु केही दिनपूर्व देवताघरमा देउगुठीको बैठक बस्छ। यस दिन जात्रा सम्बन्धी नियम वा कार्यक्रम पारित गरिन्छ। यसैगरी जात्रा सुरु हुनु अघिल्लो दिन खट र देवीदेवताको सरसफाइ गरिन्छ। खटलाई विभिन्न ध्वजापताकाले सिगारिन्छ।

त्यसैदिन देउताघरबाट देवताका मूर्तिलाई नाय वा मुख्यव्यक्तिले ढकीमा राखेर पूजाआजा गरेपछि मात्र महाँकाल भैरवी मन्दिरमा बाजागाजासहित लगेर राखिन्छ। त्यसपछि पूजा गरिन्छ। त्यसैबेला त्यहाँ खट पनि लगिन्छ। त्यसपछि सबै गाउँलेको उपस्थितिमा भोज खाइन्छ। महाँकाल भैरवी मन्दिरमा राखेर पूजा गरेका देवीदेवतालाई बाजागाजासहित पूजाआजा गरी खटमा राखिन्छ। सोही रात गाउँको डबलीमा ल्याइन्छ र खटलाई बिसाइन्छ।

दोस्रो दिन गाउँका माथिल्लो भेगका सदस्यहरुको घरमा मूलजात्राका लागि रथ लगिन्छ। पूजाआजासहित गच्छेअनुसारको भोग चढाइन्छ। त्यसपछि खटलाई पुनः डबलीमा लगिन्छ।

तेस्रो दिन डबलीमा बिसाएर राखिएको खटलाई बिहान गाउँ र अन्य श्रद्धालु भक्तजनले पूजा गर्छन्। यस अवसरमा भैरवीको भजन (दापा) गाइन्छ। भजन गाउँदा गाउँदै स्थानीय प्रत्येक घरबाट धान, चामल, भेटी, फलफूल (किपू) खटअगाडि राखिन्छ। यसपछि सिन्दूरयात्रा गरिन्छ। जसलाई मन्दिर व्यवस्थापन समितिले जिम्मा लिन्छ। यसदिन परम्परागत नेवारी भोज पनि खाइन्छ। यस रातभर जाग्राम बसेर दीपसमेत बाल्ने चलन छ।



जात्राको अन्तिम दिन बिहानै देवीदेवताको पूजाआजा भव्यरुपमा हुन्छ । तल्लो टोलका प्रत्येक घरबाट पूजा गरिन्छ । सोही दिन खटलाई गोलढुङ्गा छबेली हुँदै गणेशस्थान सम्म पुऱ्याइन्छ । यसबेला गोलढुङ्गा गणेशस्थानका स्थानीय बासिन्दाले खट बोक्छन् र बाजागाजाको समूहलाई समेबजी दिएर स्वागत गर्छन् । त्यसपछि पुनः पूजा गर्न बाँकी रहेका घरघरमा खट विश्राम गर्दै पूजाका लागि लगिन्छ । त्यसपछि खटलाई पुनः गाउँमा ल्याइन्छ । खट बोकेर केही समय नाचगान रमाइलो गरिन्छ ।



खटलाई पालैपालो निश्चित सदस्यको  घरमा भित्र्याइन्छ । त्यो देवीदेवता, बाजागाजा, खट सम्पूर्ण जिम्मा सदस्यहरुको हुन्छ । त्यसको भोलिपल्ट परम्परागत नेवारी भोज खाइन्छ र यसरी न्याँकनडोलको पाहाँचह्रे जात्रा सकिन्छ ।

## छवेली महाँकाल भैरवी जात्राः

तारकेश्वर नगरपालिका वडा नं ५ गोलढुंगा छबेलीमा बालाजु बाइसधारा पूर्णिमाको अघिल्लो दिन खटजात्रा हुने गर्दछ । पूर्णिमाको अघिल्लो दिन महाँकाल माईको खट र देवीको मूर्तिलाई सफा गरिन्छ । यो खटजात्रा चार दिन विशेष धूमधामसँग मनाइन्छ । गोलढुंगा महाँकाल माइलाई न्याँकन्डोल महाँकाल भैरवीकी बहिनीका रुपमा लिइन्छ ।

गुठियारहरुले पूर्णिमाको भोलिपल्ट खटलाई देवताघरबाट महाँकाल देवीको मूर्तिलाई टोलमा रहेको महाँकाल मन्दिरमा लैजान्छन् । मूर्तिलाई मन्दिरमा राखेर विधिवत्रुपमा पूजाअर्चना गरिन्छ । राती नाचगान, रमाइलो गर्दै भोजभत्तेर पनि गरिन्छ ।



जात्राको दोस्रो दिन देवीको मूर्तिलाई खटमा राखिन्छ । यसपछि भव्यरुपमा सिन्दूर यात्रा गरिन्छ । त्यसपछि क्रमिकरुपमा खटयात्रा टोलटोलमा पुग्दछ । गोलढुंगाको गाम्चापुगेको खटलाई गणेशस्थान, देवीस्थान, महाँकाल थान हुँदै देवताघरमा ल्याएर बिसाइन्छ । चोकचोकमा बिसाइएको खटलाई घरघरबाट आएर पूजा पनि गर्दछन् । कोहीकोहीले कुखुरा, बोकाको बली पनि दिन्छन् तर बली नचढाउनेले नरिवल चढाएर पूजा गर्दछन् । यस रात खट डबलीमा राखिन्छ । त्यसपछि नाचगान गरी रमाइलो गरिन्छ । जसमा युवाहरुको उत्साहजनक सहभागिता देख्न सकिन्छ ।

जात्राको तेस्रो दिन बिहानै खटमा रहेका महाँकाल देवीको गुठियारहरुद्वारा पूजा गरिन्छ । घरघरबाट ल्याइएको पूवासहित पूजा गर्छन् । दिउँसो खट सफा गरेर बेलुकीपख गुठीयारले पुनः पूजा गर्छन् । त्यसपछि नाचगान र रमाइलो गरिन्छ ।
जात्राको चौथो दिन बिहानै गुठीयारहरुले भोज खान्छन् । डबलीबाट खटलाई गोलढुंगा गणेशथान लगिन्छ । त्यसपछि पुनः त्यसलाई फर्काएर डबलीअगाडिको घरमा नै बिसाइन्छ । त्यसपछि खटलाई सातधार हुँदै तीनधारातिर लगिन्छ । तीनधारामा पूजाका लागि केहीबेर रोकिएको खट पूजा गरिसकेपछि न्याँकन्डोलतिर बढ्छ । उक्त खट न्याँकन्डोलमा रहेको महाँकाल भैरवीको मन्दिरमा पुऱ्याइन्छ र तीनपटक परिक्रमा गराएर पुनः गोलढुंगा गणेशस्थानमा लगिन्छ । त्यसपछि उक्त खट देवताघर अगाडि लगेर राखिन्छ । यस अवसरमा विशेष नाचगान रमाइलो पनि गरिन्छ भने रातको दुई बजेतिर महाँकाल माईलाई देवता घरमा भित्र्याइन्छ । यसरी चारदिनसम्म चल्ने गोलढुंगा छबेलीको महाँकाल माईको खटजात्रा समाप्त हुन्छ ।

## लौरी विनायक जात्राः

तारकेश्वर नगरपालिका वडा नं ४ फूलबारी पुरानो गुह्येश्वरी मन्दिर वरपरका नेवार समुदायले लौरी विनायक जात्रा बालाजु बाइसधारा पूर्णिमाको अघिल्लो दिनदेखि मनाउँन थाल्छन् । पूर्णिमाको अघिल्लो दिन खट निकालेर सफा गरिन्छ र रङरोगन गरी झल्लरले सजाइन्छ । देवताघरमा भएका लौरी विनायक गणेशको विधिवत्रुपमा गुठीयार, समिति सदस्यबाट विधिवते रुपमा तीन चरणको पूजा गरिन्छ ।
खासगरी यो जात्रा बालाजू पूर्णिमाको दिनबाट सुरु हुन्छ । यस दिन बिहानै लौरी विनायक गणेश मन्दिरभित्र भगवान गणेशलाई स्थापना गरेर पूजा गरिन्छ । यसदिन सबैले नाचगान रमाइलो गर्छन् ।
पूर्णिमाको भोलिपल्टको जात्रालाई भने मूलजात्रा भनिन्छ । यसदिन भगवानलाई बोकाको बली दिएर उक्त बोकाको आन्द्राको माला लगाइन्छ । गणेशको मूर्तिलाई खटमा राखिन्छ र पूजा गरेपछि खटलाई तीनपटक पुरानो गुह्येश्वरी मन्दिर परिक्रमा गराउने चलन छ । त्यसपछि खटयात्रा निश्चित ठाउँमा पुऱ्याइन्छ । गुह्येश्वरी चोकमा खटलाई राखेर मुख्य पूजा गरिन्छ । यस अवसरमा हाँसको बली समेत दिइन्छ । यस अवसरमा गरिने सिन्दूरजात्रा भव्य र आकर्षक हुन्छ । त्यसपछि

एउटा सानो साँचोले खटलाई तानिन्छ । त्यसपछि खटलाई दौडाएर गुह्येश्वरी मन्दिर दर्शनका लागि मूलढोकातिर लगिन्छ ।

सबैभन्दा पहिले खट टोलका थकालीका घरमा पुऱ्याइन्छ । त्यहाँ विधिवत्रुपमा धूप, अक्षता फलफूल अन्डा सगुन समेत चढाएर  पूजा गरिन्छ भने बली दिनेले बलीसमेत  चढाउँछन् । त्यसपछि भाकल पूजा लिनका  लागि भाकल गर्नेका घरघरमा खट पुऱ्याइन्छ । त्यसपछि सरकारी पूजाका लागि रथलाई बालाजु बाइसधारामा लगिन्छ । बाइसधारामाथिको शितलामाई मन्दिरअगाडि एकपटक खट घुमाइन्छ । केही वर्षअगाडि देखि खटलाई बालाजु टौडोलसम्म पुऱ्याइने गरिएको छ । उक्त खट पुनः पुरानो गुह्येश्वरी मन्दिर परिसरमा पहिलेकै ठाउँमा ल्याइन्छ । यतिबेला नाचगान र रमाइलो गर्ने क्रमभने यथावत नै चलिरहन्छ ।



जात्राको तेस्रो दिन सबैले आराम गर्दछन् । जसको घरमा खट बिसाइएको हुँदैन त्यस घरका मानिस भगवानको पूजा गर्न आउँदछन् । यसैदिन रातभरि जाग्राम बस्ने,पूजा गर्ने र दीप बाल्ने पनि गरिन्छ । खासगरी भाकल गर्नेले रातभरि दीप

बाल्ने चलन पनि छ । यसरी तीनवर्ष बत्ती बालेपछि अन्तिम वर्ष बली दिने चलन छ । यसपछि भोज खाएर नाचगान गर्दै रमाइलो गरिन्छ ।

खटयात्राको चौथो दिन चोकमा भएको खटलाई उठाउन, पूजा गर्न, मूलजात्रामा खट बिसाएका घरबाहेकका मानिसको घरमा पुऱ्याइन्छ । बाइसधाराअगाडिको श्वेतविनायक गणेशको खट पुरानो गुह्येश्वरी आइपुगेपछि लोलङको जितगुरु गणेश र वज्रयोगिनीको खट पनि त्यहाँ ल्याइन्छ । लौरी विनायक, श्वेतविनायक, जितगुरु र वज्रयोगिनीको रथलाई क्रमशः मिलाएर राखिन्छ । ती खटको त्यहाँ सामूहिक पूजा गरिन्छ । त्यसपछि उक्त खटहरुलाई पुरानो गुह्येश्वरी पुऱ्याइन्छ । त्यहाँ सगुन चढाएर पूजा गरिन्छ । उक्त खटहरु डुक्रने पानी लखपात पोखरीमाथि चौरमा पुगेपछि केहीबेर त्यँहा पूजाआजाका लागि राखिन्छ ।

त्यसपछि खटहरु बाइसधारा पुऱ्याइन्छ र शितलामाईको मन्दिरअगाडि चौरमा घुमाइन्छ । जहाँ शितलामाई भजन खलले उक्त खटमा पूजा गर्ने चलन छ । पूजा गरी नाचगान सकेपछि समेबजी खाइन्छ । त्यसपछि ती खटहरु बाइपास फर्कन्छन् । जहाँ जितगुरु, वज्रयोगिनी श्वेतविनायकले लौरी विनायक गणेशलाई तीनपटक परिक्रमा गर्छन्  र केहीबेर त्यहाँ जात्रा देखाउँछन् । उक्त खटहरु तरुण स्कूल हुँदै नेपालटार शेषमतीसम्म आइपुग्छन् । त्यहाँबाट सबै खट आ-आफ्ना क्षेत्रमा फर्कन्छन् । शेषमती नेपालटार हुँदै श्वेतविनायकको खट बालाजु बाइसधारातिर फर्कन्छ । शेषमती दगुर्नेपानी हुँदै पुरानो गुह्येश्वरीतिर लौरी विनायक गणेशको खट फर्कन्छ । त्यसैगरी जीतगुरु र वज्रयोगिनीको रथ शेषमती गणेशथान हुँदै लोलाङ फर्कन्छ । त्यसरी फर्केको लौरी विनायकको खटलाई गुह्येश्वरी मन्दिर परिक्रमा गराएर मूलचोकमा राखिन्छ । नाचगान रमाइलो गरिन्छ र त्यसैदिन मध्यरातमा विधिवत्रुपमा देवतालाई पूजाआजा गरिन्छ र देवतालाई देवताघर वा द्यःछेँमा राखिन्छ ।

## लोलाङ जात्राः

तारकेश्वर नगरपालिका वडा नं ४ लोलाङमा बालाजु बाइसधारा मेलाको अघिल्लो दिनबाट लोलाङमा बज्रयोगिनी र जितगुरु गणेशको भव्य खट जात्रा हुने गर्दछ । अघिल्लो दिन खटलाई सफा गरेर रङरोगन गरिन्छ । बालाजु बाइसधारा पूर्णिमाको दिन देवघरबाट बज्रयोगिनी र जितगुरु गणेशको मूर्तिलाई खटमा राखिन्छ र बाजागाजासहित खटलाई सम्बन्धित शक्तिपीठ वा मन्दिरमा लगेर राखिन्छ । त्यसदिन गुठियारहरुले विधिवत्रुपमा पूजाअर्चाना गर्छन् । बेलुका खटलाई गाउँको

बीचमा लगेर राखिन्छ । त्यस अवसरमा बाजागाजा, नाचगानसहित रमाइलो गरिन्छ । त्यसपछि टोलमा रहेको भीमसेनको मन्दिरअगाडि खट राखिन्छ । त्यहाँ खटमा राखिएका भगवानको पूजा गरिन्छ । पूजा गर्दा कुखुरा, अण्डा नरिवल पनि चढाइन्छ । पूजाआजा सकिएपछि गुठियारहरु जम्मा भएर पूजा र भोजका लागि आवश्यक रकम संकलन गरिन्छ ।

दोस्रो दिन बिहान खटमा रहेका भगवानलाई विधिवत्‌रुपमा पूजा गरेपछि टोलटोलमा पूजा थाप्नका लागि खटलाई घरघरमा लगिन्छ । यस अवसरमा विभिन्न बाजागाजा सहित नाचगान पनि गरिन्छ र साँझतिर खटलाई भीमसेन थानअगाडि ल्याएर राखिन्छ । बेलुका भोज खाएर नाचगान गरेर रमाइलो गरिन्छ ।

तेस्रो दिन खटमा राखिएका भगवानको खास पूजा गरेपछि बेलुका भोज खाइन्छ । यस दिन विश्राम गर्ने चलन छ ।



जात्राको चौथो दिनलाई विशेष महत्वको दिनका रुपमा लिइन्छ। यस दिन बालाजु बाइसधारामा अवस्थित श्वेतविनायकको खट लोलाङमा रहेका बज्रयोगिनी र जितगुरु गणेशलाई जात्रामा समावेश हुन निमन्त्रणा गर्न आउने चलन छ। बिहान विधिवत्रुपमा पूजा गरेपछि बाजागाजासहित बालाजु श्वेतविनायक र शितलामाईसँग भेट गराउन लगिन्छ। त्यसैबेला गोलढुङ्गा फूलबारीबाट लौरीविनायकको खट पनि त्यहाँ पुगेको हुन्छ। त्यहाँ एकापसमा ती खटहरुको भेट हुन्छ। जुन एकदम महत्वपूर्ण मानिन्छ। यस भेटलाई भगवानहरुको एकापसको हार्दिक मिलनका रुपमा लिइन्छ। अनि ती सबै खटहरु बालाजु बाइपासतिर हुँदै अगाडि बढ्छन्। लौरीविनायक, जितगुरु र बज्रयोगिनीको रथ नेपालटारतिर बढ्छन्। शेषमती पुलबाट लौरीविनायकको खट लखपात हुँदै डुक्रने पानी पुरानो गुह्येश्वरीतिर बढ्छ भने जितगुरु र बज्रयोगिनीको रथचाहिँ सानोपुल हुँदै गणेशथानको उकालोबाट लोलाङ गाउँतिर बढ्छ। मध्यरातमा बज्रयोगिनी र जितगुरु गणेशको रथलाई पुनः भेट गराइन्छ। यस अवसरमा नाचगान बाजागाजासहित रमाइलो गरिन्छ र इष्टमित्र, नातागोता, पाहुनापासालाई भोज पनि खुवाइन्छ। मध्यरातमा रथलाई देवताघरमा भित्र्याइन्छ। यसरी लोलाङको बज्रयोगिनी र जितगुरु गणेशको खटयात्रा विधिबत रुपमा १ वर्षको लागि समाप्त हुन्छ।

## मनमैँजु जात्रा

खासगरी प्रत्येक वर्ष चैत्र शुक्ल चतुर्दशीका दिनदेखि पाँच दिनसम्म यस मन्दिरमा पूजाअर्चना हुने गर्दछ। रथमा मनमैँजुको मूर्ति राखिन्छ र त्यसपछि रथ वरिपरि उभिएर धामीहरु काँप्ने गर्दछन्।

जात्राको अवसरमा चैत्र शुक्ल एकादशिका दिन सर्वप्रथम यस देवीका गुठीयारहरुले ठमेलका प्रधान र गुर्जुलाई निमन्त्रणा गर्ने चलन छ। बिहानैदेखि अजिमा मन्दिरको सरसफाइ गरिन्छ। यस अवसरमा मन्दिर परिसरमा लिङ्गोको विधिवत् रुपमा पूजा गर्ने र ठड्याउने चलन छ। लिङ्गो ठड्याएपछि नै मनमैँजुको जात्राको सुरुवात भएको मानिन्छ। यसैदिन बेलुका द्यछेँमा रहेका देवीदेवतालाई सफा गरी तान्त्रिक रुपमा पूजा गरी खटमा राखेर अजिमा मन्दिरसम्म बाजागाजासहित लगिन्छ। सेतो वस्त्र र आभूषण लगाएका हातमा सुकुन्दा बालेका गणेशले जात्राको

नेतृत्व गरेका हुन्छन् । त्यस्तै पहेँलो वस्त्रमा आभूषणले सजिएका हातमा पात्र लिएका अजिमा धामी गणेशपछाडि रहेका हुन्छन् । यसैगरी कालो वस्त्रमा भैरव, रातो वस्त्रम कुमारी र हरियो वस्त्रमा मनमैँजु रहेका हुन्छन् । त्यसपछि गणेश धामी र अजिमा धामीका दायाँवायाँ हाकुपटासी लगाएका नारीवर्गले सुकुन्दामा दीप प्रज्ज्वलित गर्ने गर्दछन् । यसपछि विभिन्न देवीदेवताका मूीर्तलाई खटमा राखेर खटयात्रा थालिन्छ । स्थानीय गुठीयार तथा भक्तजनहरु किस्तीमा अबीर लिएर खटको अघिपछि सिन्दुर जात्रा गर्दछन् । खटमा राखिएका मूर्तिलाई अजिमा मन्दिरमा पुऱ्याएपछि ठमेल भगवान वहालका प्रधानहरुबाट गुर्जुमार्फत् विविधवत्रुपमा पूजा गरिन्छ । यसरात गुर्जुबाट तान्त्रिक विधिपूर्वक होम, गोप्यपूजा र थुम्बाको बलि दिएर पूजाअर्चना गरिन्छ । रातको १२ बजेतिर मुख्य पूजा चाकिला गरिन्छ । त्यसपछि रातभर दीप जलाउने र भजन गर्ने चलन पनि छ ।



जात्राको भोलिपल्ट स्थानीय गुठियारहरु मन्दिरमा पूजा गर्न आउँछन् । यस दिन पञ्चकन्यालाई थकाली बनाई बेलविवाह र व्रतबन्ध नगरेका बालबालिकालाई

मरःजा खुवाउने गरिन्छ । साथै भजन गाउने गरिन्छ । यस दिन बालाजु बाइसधारामा मेला पनि लाग्ने गर्दछ ।

जात्राको तेस्रो दिन नै मनमैँजु जात्राको मुख्य दिन हो । बिहानै मन्दिरबाट विभिन्न देवीदेवताका प्रतिमाको पूजाआजा गरी झिकेर खटमा राखिन्छ र बाजागाजासहित टोलमा घुमाइन्छ । यस समय सबैले आ-आफ्नो घर अगाडि खट आएपछि देवताको पूजागर्ने चलन छ । खट उठाएपछि मन्दिरमा नपुगी बिसाउने गरिँदैन । यस दिन मनमैँजुबासीले जात्रामा निमन्त्रणा गरेका आफ्ना इष्टमित्रलाई भोज खुवाउने चलन छ । चोथो दिन खटलाई विश्राम गराएर राख्ने गरिन्छ । दिनभरि नै भजन गाउने गरिन्छ । यस दिन विश्राम गर्ने भएका कारण थकाइ मार्ने दिन वा नेवारीमा सुल भनिन्छ ।

जात्राको अन्तिम दिन खटलाई टोलको बीचमा रहेको गणेशथानसम्म यात्रा गराइन्छ । यस समयमा सिन्दुर जात्रा गरिन्छ । देवताघरमा लगेर खटलाई राखिन्छ । गणेश,अजिमा र अन्य देवीदेवताको विधिपूर्वक तान्त्रिक पूजा गरिन्छ र देवता घरमा भित्र्याइन्छ । त्यसपछि गुठियार, गुर्जु र धामीसहित मन्दिरबााट विधिपूर्वक देवीको मूर्तिहरु फिर्ता गर्ने पूजा गरिन्छ । त्यसपछि जात्रा सुरुहुनुपूर्व गाडिएको लिङ्गो विधिपूर्वक ढाल्ने चलन छ । त्यसको भोलिपल्ट देवताका मूर्तिहरुलाई स्नान गराई विधिपूर्वक पूजा गरेर सम्बन्धित स्थानमा राखिन्छ । यसदिन साँझ देवघरभित्र मनमैँजुको भोटो देखाउने गरिन्छ । ठमेलका प्रधान र गुर्जुलाई गुठियारहरुले सम्मानपूर्वक विदा गरेपछि मनमैँजुको जात्रा समाप्त हुन्छ ।

जात्राको अवधिमा मनमैँजुका स्थानीय बासिन्दाले अनुसरण गर्नुपर्ने केही प्राचीन मूल्यमान्यताहरु रहेका छन् । जात्राको अवसरमा घर छोड्न नहुने, सुँगुर पाल्न नहुने, लुगाधुन नपाइने, वैवाहिक कार्यक्रम गर्न नपाइने, मान्छे मरेको बेला बजाइने बाजा बजाउन नपाउने, गुर्जु तथा गुठियारले जात्राअवधिमा भात खान नहुने, लाभाबाहेक अरु चिज हाँडीमा भुट्न नहुनेजस्ता प्राचीन मूल्यमान्यतालाई यहाँका स्थानीय गुठियारहरुले अनुसरण गर्ने गरिएको पाइन्छ ।

# देवस्थली जात्रा

तारकेश्वर नगरपालिका २ नं. वडामा देवस्थली मन्दिरमा वैशाख पूर्णिमामा जात्रा लाग्ने गर्दछ । यो यहाँको ज्यादै पुरानो जात्रा हो । तीनदिनसम्म चल्ने यो जात्रामा देवस्थलीमाईलाई खटमा राखेर घरघर डुलाउने समेत गरिन्छ । जात्राको समयमा काठमाडौं ठमेल भगवान वहालका धामी यहाँ आएर तीनदिनसम्म विशेष विधिले पूजा गर्ने परम्परा ऐतिहासिक कालदेखि नै चलिआएको पाइन्छ । काभ्रेस्थली, जितपुर, धर्मस्थली, मनमैँजु, टोखा, फुटुङ लगायतका क्षेत्रबाट श्रद्धालु भक्तजनहरु दर्शनका लागि उक्त जात्रा हेर्न आउने गर्दछन् ।



जात्राको तीनदिन यहाँका स्थानीय जनताहरुमा बिस्कुन सुकाउन नहुने, खेतबारीमा खनजोत नगर्ने, हलो जोत्न नहुने र ढिकी जाँतो चलाउन नहुँने लगायतका प्राचीन

मूल्यमान्यता रहेका छन् । देवस्थली मन्दिरमा दशैँको नवरात्रिमा विशेष पूजाआजा गरिन्छ । यतिखेर स्थानीय मात्र नभएर छिमकी गाउँहरुबाट समेत  भक्तजनहरु पूजाका लागि आउने गर्दछन् । यहाँ गोकर्ण औँसीदेखि जमरे औँसी(घटस्थापना) सम्म बिहान बाँसुरी बाजासहित नेवार समुदायबाट नियमित पूजा गरिन्छ ।

बैशाख पूर्णिमाको अघिल्लो दिनदेखि नै देवस्थलीमा जात्राको चहलपहल सुरु हुन्छ । यस दिन सम्पूर्ण गुठियारहरु नुवाइधुवाइ गरेर देवीदेवतालाई देवघरबाट झिकेर सरसफाइ गर्छन् । त्यसपछि पूजाआजा गर्छन् र चोखो खानेकुरा खाएर बस्छन् ।

पूर्णिमाको दिन ठमेल वहालका धामी दिउँसोतिर आएर विधिवत्रुपमा पूजापाठ गर्छन् । त्यसपछि भैरव, गणेश, कुमारी, इन्द्रायणीलाई खटमा राखिन्छ । खटमा देवीदेवताका मूर्ति राखेपछि त्यसलाई देवस्थली मन्दिरमा लगेर राखिन्छ । जहाँ राति १२/१बजेसम्म पूजाआजा गरिन्छ । यस बेला थुम्बा काटेर भोग दिने चलन पनि छ । यस अवसरमा नाचगान सहित बाजागाजा  बजाउने चलन पनि रहेको छ ।

त्यसको भोलिपल्ट देवस्थली चौरको देवस्थली मन्दिरमा नेवार सम्प्रदायबाहेक अन्य समुदायका मानिसहरु पनि आएर  देवीदेवताको श्रद्धापूर्वक पूजा गर्छन् । यसरी पूजा सकिएपछि देवतालाई गाउँगाउँमा डुलाउने गरिन्छ । त्यसपछि खटलाई काभ्रेस्थली घट्टेखोला ठाँटी पिपलबोटमाथिको चोकमा लगेर राखिन्छ । जहाँ वरपरका मानिसहरुले पूजा गर्छन् र बेलुका ७/८ बजेतिर पनि पूजाआजा धूपबत्ती गर्दै रथलाई देउथली मन्दिर हुँदै देउताघरमा ल्याइन्छ र सोही राति १२/१बजेतिर विधिपूर्वक पूजाआजा गरेर देवतालाई भित्र्याइन्छ ।

त्यसको भोलिपल्ट खटबाट देवीदेवतालाई झिकेर सफा गरिन्छ र विसर्जन पूजा गरिन्छ । बासेको ठूलो भाले बली दिएर विसर्जन पूजा गरेपछि देवस्थली जात्रा समाप्त हुन्छ । यसैदिन जात्राका अवसरमा काटिएका राँगा, थुम्बा, हाँस, कुखुराका शिरलाई प्रसादका रुपमा ठमेल भगवान वहालका धामीलाई दिएर बिदा गर्ने चलन पनि छ । त्यसपछि भोजभत्तेर खाने र नाचगान गर्ने चलन पनि रहेको छ ।

# साङ्ला बालकुमारी जात्रा

तारकेश्वर नगरपालिकाको वडा नं १ साङ्ला बजारका नेवार साथै अन्य समुदायले मनाउने महत्वपूर्ण जात्रा नै बालकुमारी जात्रा हो । साङ्ला बालकुमारीको जात्रा पाँच दिनसम्म चल्दछ ।

साङ्ला बालकुमारीको जात्रा बैशाख पूर्णिमाको अघिल्लो चतुर्दशीबाट सुरु भएर तृतीयासम्म धुमधामका साथ मनाइन्छ । जात्राको पहिलो दिन वा चतुर्दशीको दिन जात्रा मनाउने समुदाय नुवाइधुवाइ गरी व्रत बस्दछन् । देवताघरबाट देवतालाई पित्तलको ढक्कीमा दुईजनाले समातेर बाजागाजाका साथ नजिकैको ढुङ्गेधारामा लगी नुवाईधुवाई गरी पुनः देवता घरमा नै ल्याएर राख्छन् । यसै दिनबाट बालकुमारीको जात्रा सुरु हुन्छ । यसै दिन जात्रामा सहभागी हुन आफन्त, इष्टमित्र र साथीसङ्गीहरूलाई निमन्त्रणा दिने गरिन्छ ।

जात्राको दोस्रो दिन अर्थात् पूर्णिमाको दिनमा देवीका विभिन्न २१ वटा मूर्ति सिङ्गारेर खटमा राखिन्छ । पालैपालो खट बोकी विभिन्न झाँकीका साथ नगरका प्रत्येक घर र चोकमा पुर्‍याइन्छ । त्यसैदिन खटलाई बालकुमारीको मन्दिरमा पुर्‍याइन्छ । पूर्णिमाको राती देवी बालकुमारीको भव्यरूपमा पूजा गरिन्छ । खटमा ल्याइएका १२ मूर्तिलाई विधिपूर्वक झिकी लाइनै राखेर पूजा गर्ने चलन छ । त्यस रात होम गरी विशेष पूजा पनि गरिन्छ । पूजा गर्दा ६, ६ जना लाइनमा बसेर संयुक्त रूपमा गर्ने चलन छ । पूजा गरिसकेपछि सम्येवजी र प्रसाद ग्रहण गरिन्छ । यो दिनलाई बालकुमारी जात्राको महत्वपूर्ण दिन मानिन्छ ।

पूर्णिमाको भोलिपल्ट वा प्रतिपदाको दिन बिहान नित्यपूजा गरिसकेपछि बालकुमारी मन्दिरबाट देवतालाई विधिपूर्वक खटमा राखिन्छ । त्यसदिन विशेष झाँकीसहित फरकफरक टोलीद्वारा बासुकी, धिमे, खी, कुसले, मंसीया, कर्नाल, बैण्डवाजा बजाउँदै  र नाचागन गरी रमाइलो गरी खटलाई चौरमा ल्याइन्छ । त्यसपछि उक्त दिनको जात्रा समाप्त हुन्छ ।



पूर्णिमाको पर्सिपल्ट खासै पूजाअर्चना हुँदैन । देवतालाई देवताघरमा नै राखिन्छ र यसदिन थकाइ मार्ने परम्परा छ । त्यस दिन यहाँ किवु जात्रा लाग्दछ । यस दिनमा गाउँले वा जात्रालुले दहीचिउरा खर्पनमा ल्याई देवताघरमा पूजा गर्छन् । खर्पनमा बोकी ल्याएको दहीचिउरालाई प्रसादका रूपमा ग्रहण गर्छन् । जात्राको अन्तिम दिन पुनः देवताघरबाट देवतालाई झिकी खटमा राखेर गाउँभरि डुलाइन्छ । यसै दिन लाखे नाच देखाउने प्रचलन पनि छ ।



त्यस दिन देवताको खटलाई चुनीदेवी मन्दिरसम्म पुऱ्याइन्छ । चुनीदेवी र बालकुमारी दिदीबहिनी भएको विश्वास स्वरूप वर्षमा एक दिन दिदीबहिनीको भेट गराइएको भन्ने जनश्रुति  पाइन्छ । तिनै चुनदेवीको नामबाट नै यस ठाउँको नाम चुनी रहन गएको हो । विशेषतः नवरात्र तथा साङ्ला बालकुमारी जात्राको समयमा यस मन्दिरमा भक्तजनहरूको भिड लाग्ने गरेको पाइन्छ ।

## जयाइन्द्रायणी जात्रा

तारकेश्वर नगरपालिका ७ फुटुङमा मनाइने प्रमुख जात्रामध्ये नारायणी जयादेवी र महालक्ष्मीको जात्रालाई प्रमुख मानिन्छ। यो जात्रा चैत्र मसान्तको दिन विधिवत्रुपमा लिङ्गो ठड्याएर भाले काटी भोग दिएर पूजा गरेपछि यो जात्राको औपचारिक सुरुवात् हुन्छ ।

सोही साँझ देवताका मूर्तिलाई देवघरबाट झिकेर मन्दिरमा लगेर राखिन्छ । पाटनका आचाजु पुजारीले विधिवत्रुपमा पूजा गर्छन् । बैशाख १ गते बिहान

गुठियारहरु आएर पूजा गर्ने तथा बोका, कुखुरा र हाँसको बली दिने गर्दछन् । साँझतिर खटमा राखिएका गणेश, भैरव, महालक्ष्मीलगायतका देवीदेवतालाई गाउँघर डुलाउने चलन छ । यस अवसरमा गुठियारहरुले देवताको पूजागर्ने र बली दिने गर्दछन् ।

त्यस्तै जात्राको दोस्रो दिन जयाइन्द्रायणीको खटलाई गाउँ परिक्रमा गराइन्छ र चोकमा रहेको पोखरीमा नचाउने गरिन्छ । यस बेला एकापसमा पानी छ्यापाछ्याप गरेर रमाइलो पनि गरिन्छ । त्यसपछि खटलाई ल्याएर देवता घरअगाडि राखिन्छ । स्थानीय गुठियार वा अन्य भक्तजनहरु पनि खटमा राखिएका देवीदेवताको पूजाआजा गर्न आउँछन् । जात्राको तेस्रो दिन देवता घरअगाडि खटलाई विश्राम गराइन्छ । यस दिन आराम गर्ने भनिन्छ ।



खटपूजा गरेर देवतालाई स्नान गराइन्छ र विधिवतरुपमा पूजागरेर थन्क्याइन्छ । यसरी चैत्र मसान्तको मध्यरातबाट सुरु भएको फुटुङ जयइन्द्रायणी जात्रा वैशाख ४ गते सकिन्छ ।

यो जात्राको आयोजना यहाँको गुठीले नै गर्दछ। चैत्र मसान्तमा फुटुङ चौरमा धर्मस्थलीबाट उडेर आएको पताका सहितको लिङ्गो गाडिन्छ। सो अवसरमा फुटुङमा रहेको पोखरीमा जयइन्द्राणीलाई नचाउने वा डुबाउने गरिन्छ । तर केही स्थानीयले महालक्ष्मीको गहना हराएको कारण त्यहाँको पोखरीमा खट घुमाएर गहना खोजिएको पनि भन्दछन् । त्यसैले यहाँको पोखरीलाई गहना पोखरी भनिएको हो । तर पछि पोखरी बनाउँदा नाग फेला परेकोले यस पोखरीलाई नाग पोखरी पनि भन्न थालिएको हो । फुटुङ पोखरीमा खटलाई नचाउँदाको दृश्यलाई यस जात्राको ज्यादै भव्य र आकर्षक क्षणका रुपमा लिइन्छ । जात्राअवधिमा गुठियारहरुले कुनै पनि कृषिकर्म गर्न नहुने भन्ने मान्यता यस क्षेत्रमा अद्यावधि पाइन्छ ।

## मनमैँजुको भोटो परम्परा

मनमैँजु जात्राको महत्वपूर्ण पक्ष भोटो जात्रा पनि हो । मनमैँजुको पनि भोटो देखाइन्छ भन्दा कतिलाई अचम्म लाग्न सक्छ तर त्यो वास्तविकता नै हो ।

प्रत्येक वर्ष चैत्र शुक्ल चतुर्दशीका दिनदेखि पाँचदिनसम्म परम्परागत रूपमा मनमैँजुको जात्रा मनाइन्छ। चैत्र शुक्ल चतुर्दशीका दिन तारकेश्वर महादेवको जङ्गलबाट विधिपूर्वक पूजा गरी काटेर ल्याइएको सल्लाको रुखको लिंगोलाई मन्दिरअगाडि ठड्याइन्छ। पाँचदिनसम्म विविध तरिकाले मनमैँजुको पूजा गरिन्छ र खटलाई विभिन्न टोलमा पुऱ्याइन्छ। विधिवत्रुपमा पूजाआजा गरिन्छ र भोग पनि दिइन्छ । भव्यरुपमा सिन्दूर यात्रा गरेर यो जात्रा मनाइन्छ। रथ यात्रा सुरुहुनु अगाडि ठड्याइएको लिंगो ढालेपछि खटयात्राका क्रममा खटमा राखिएका देवतालाई धोइपखाली गरिन्छ। त्यसपछि ती देवतालाई विशेष पूजा गरी यथास्थानमा विराजमान गराइन्छ। खिँ दावा बजाएर भजन कीर्तन गरिन्छ। विधिवत्रूपमा देवतालाई यथास्थानमा विराजमान गराइसकेपछि भोटो देखाउने अनौठो र रोचक परम्परा अगाडि बढ्छ। उक्त भोटो मूलधामी र गुठीका थकालीले उपस्थित भक्तजनलाई देखाउने चलन छ। यस प्रकारको परम्परा देवी घरभित्रमात्र सीमित हुन्छ। अन्य सर्वसाधारणका लागि भोटो देखाइँदैन ।



राजा गुणकामदेव नागार्जुन जङ्गलमा शिकार खेल्दै जाँदा एकपटक त्यसै जङ्गलमा बास बस्न पुगेछन् । उनले राति सपनामा मनमैँजु देवी अर्थात् अजिमा इन्द्रायणीको दर्शन पाएछन् । देवीले चैत्र शुक्ल पूर्णिमाको दिन पूजा अर्चना गरी जात्रा चलाएमा मनोकाङ्क्षा पूरा हुनेछ भनी अन्तर्ध्यान भइछन् । भोलिपल्ट बिहान राजा बिउँझिएर अग्लो स्थानबाट चारैतिर हेर्दा पानीको दह भएको काँडाहरूको झ्याँङको बीचमा बस्ती र एउटा सुन्दर मन्दिर देखेछन् । त्यसपछि राजाले उक्त मन्दिरसम्म पुग्ने बाटो निर्माण गरी स्थानीयलाई जाग्रित गराई चारदिनसम्म जात्रा मनाउन लगाएछन् । पाँचौं दिनमा इन्द्रायणी देवीले चिनो स्वरूप छोडी दिएको हीरामोती जडित भोटो देखाउँदा गुणकामदेव र स्थानीयको मनाकाङ्क्षा पूरा भएछ । त्यसै समयदेखि मनमैँजुको जात्रा प्रचलनमा आएको हो । त्यसपछि जात्राका अवसरमा अहिले पनि भोटो देखाउने परम्परा छ । यद्यपि प्रचलनमा रहेको भोटो देखाउने परम्पराको प्रमुख आकर्षण मानिने भोटो त्रिकोणाकारको छ । किम्वदन्ती अनुरुप उक्त भोटोलाई राजा इन्द्रले मनमैँजुलाई दिएको कपडा हो भन्ने गरिन्छ । त्यस्तै मनमैँजुको जात्रामा देखाइने भोटो केशावती र विमलावती नदीको सङ्गम मनोरथतीर्थमा बास गर्ने कुलिक नागराजको हो भन्ने किम्वदन्ती पनि पाइन्छ ।

# मल्लकालीन फूलपाती परम्परा

हिन्दूहरुको महानपर्व विजया दशमीमा फूलपाती भित्र्याउने परम्परा रहेको छ । जुन परम्परासँग गोलढुङ्गा पुरानो गुह्येश्वरीको फूलपाती परम्परा पनि गाँसिएको छ ।

प्रत्येक वर्ष नवरात्रको सप्तमी तिथि वा फूलपातीका दिन पुरानो गुह्येश्वरी मन्दिरबाट विधिवत्रुपमा फूलपाती लैजाने परम्परा बीचमा केही समय रोकिए पनि अहिले भव्यरुपमा फूलपाती लैजाने गरिन्छ । पृथ्वीनारायण शाहले विक्रम सम्बत् १८२५ मा कान्तिपुर विजय प्राप्त गरेदेखि नै गोरखाबाट धादिङको जीवनपुर हुँदै ल्याइने फूलपाती हनुमानढोका दशैंघरमा फूलपातीका दिन भित्र्याउन थालियो ।



तर पृथ्वीनारायण शाहले कान्तिपुर विजय गर्नुपूर्व हनुमानढोका दशैंघरमा पुरानो गुह्येश्वरीलगायत अन्य शक्तिपीठबाट पनि फूलपाती भित्र्याइन्थ्यो । केही समय रोकिएको उक्त परम्पर निरन्तररुपमा चल्दै  आइरहेकोमा स्थानीय बासी पनि ज्यादै


हर्षित भएका छन् । यस प्रकार कुनै पनि संस्कृति संरक्षण र सम्वर्द्धन हुनु पर्ने देखिन्छ । कान्तिपुर विजयपश्चात् पुरानो गुह्येश्वरीबाट हनुमानढोका कडैंल्चोक दशैंघरमा भित्र्याइने फूलपाती परम्परा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जअन्तर्गतको नागार्जुन खण्डमा रहेको नेपाली सेनाको बर्दबहादुर गणले प्रत्येक वर्ष फूलपातीका दिन विधिवत्रुपमा भित्र्याउने गरेको छ ।

विधिवत्रुपमा पुजारीले हवन गरी यहाँबाट साइत जुराएर बढाइँ गरेर फूलपाती लैजाने चलन छ । जसका लागि गुठी संस्थानले पहिले रकम उपलब्ध गराउने गरे पनि हाल उक्त रकम उपलब्ध गराएको देखिन्न । त्यसैले आर्थिक कारण पुरानो गुह्येश्वरीबाट सोह्रखुट्टे क्षेत्रपाटी हुँदै भुँडे गणेश इखापोखरीमा ल्याई पुऱ्याउने यो फूलपाती परम्परा समस्यामा परेको हो । यद्यपि गुरुज्यूको  पल्टन र सेनाको गणले निशानसहित क्षेत्रपाटीमा यो फूलपातीको परम्पराबमोजिम स्वागत गरी कडैंलचोक भगवती पीठमा भित्र्याइन्छ । फूलपाती भित्र्याउँदा दिइने वली हाँस, पूजा खर्च, फूलपाती बोकेर ल्याउनेलाई दिने ज्यालाका अभावमा हिजोआज यो परम्परा संकटमा पर्दै आएको हो । गुह्येश्वरी फुलबारीबाट ३३ थरिका फूल र पातलाई फूलपातीसँगै भित्र्याइने प्राचीन परम्परा इतिहासमा उल्लेख भएको पाइन्छ ।

## इन्द्रध्वजोत्सव/लिङ्गो ठड्याउने प्रचलन

तारकेश्वर नगरपालिकामा विभिन्न जात्राका अवसरमा लिङ्गो ठड्याउने वा ध्वजोत्सव गरिने परम्परा पनि रहेको छ । खासगरी  इन्द्रजात्रा र विस्केट जात्रामा जस्तै तारकेश्वर नगरपालिकामा पनि मनमैंजु, फुटुङ र साङ्लाको जात्रामा लिङ्गो ठड्याउने प्रचलन छ ।

इतिहासअनुसार लिङ्गो ठड्याउने चलनको सुरुवात धर्मस्थलीबाट भए पनि धर्मस्थलीमा लिङ्गो ठड्याउने चलन छैन । परापूर्वकालमा धर्मस्थलीमा पाहाँचह्रेको जात्राको अघिल्लो दिन लिङ्गो ठड्याउने चलन चलेको थियो । तर त्यसरी गाडिएको लिङ्गोको झल्लर वा ध्वजा उडेर फुटुङमा पुगेछ । लिङ्गोचाहिँ टोखामा खसेछ । यसरी हावाले उडाउने क्रममा लिङ्गो टोखा र झल्लर फुटुङमा पुगेछ । त्यसैले फुटुङमा पनि प्रत्येक वर्ष चैत्र मसान्तदेखि वैशाख ४ गतेसम्म हुने जात्रामा इन्द्रध्वजोत्सव स्वरुप उक्त लिङ्गो स्थापना गरिन्छ र उक्त झल्लर त्यस लिङ्गोमा झुन्ड्याएर राख्ने प्रचलन छ ।



त्यस्तै मनमैँजुमा पनि मनमैँजु जात्रा सुरु हुनु पहिले लिङ्गो ठड्याउने चलन छ । मनमैँजुको जात्रामा प्रत्येक वर्ष मनमैँजु मन्दिरअगाडि लिङ्गो ठड्याउने चलन परापूर्वकालदेखि चलिआएको परम्परा हो । इन्द्रको प्रतीकका रुपमा इन्द्रध्वज फरफराउने चलन मनमैँजु जात्राका अवसरमा देख्न सकिन्छ । जसलाई अनुपम क्षणका रुपमा लिन सकिन्छ । जब कि मनमैँजु जात्राका अवसरमा इन्द्रको खटको प्रतीकका रुपमा रहेको इन्द्रध्वजा (हलपत्ता) फरफराउने चलन मनमैँजुको खटजात्रासँगै चलेका हो । मूलजात्राका दिन मनमैँजु मन्दिरअगाडि गाडिएको इन्द्रध्वजलाई तीनपटक मनमैँजुको खटले परिक्रमा गराएपछि मात्र जात्रा सुरु हुने गर्दछ । जुन लिङ्गोका रुपमा ठड्याइने सल्लाको काठ तारकेश्वर अर्थात् शिवपुरी राष्ट्रिय निकुञ्जबाट ल्याइने गरिन्छ ।

त्यस्तै, मनमैँजु जात्राको अन्तिम दिन खटजात्रा सकिएपछि इता पूजा हुन्छ । उक्त पूजापछि धिमे, नायखिँ बाजा बजाउँदै गुठियार, पुरोहित, पुजारीलगायत सबै भक्तजनहरु आएर लिङ्गो ढाल्ने कार्य गरिन्छ । यसलाई नेवारी भाषामा यसि कोथलेगु भनिन्छ । लिङ्गो ठड्याउँदा लिङ्गोको टुप्पोमा राखिएको तारेस्वाँ अर्थात् तारकेश्वरबाट ल्याइएको फूल लिनका लागि मानिसहरुको तँछाडमछाड हुन्छ । लिङ्गो ढालिसकेपछि त्यसलाई सुरक्षित ठाउँमा राख्ने चलन छ ।
त्यस्तै, फुटुङमा चैत्र मसान्तमा जयादेवी महालक्ष्मीको जात्रा लाग्दछ र सो अवसरमा पनि लिङ्गो गाड्ने चलन छ । यहाँ गाडिने ध्वजा धर्मस्थलीबाट उडेर आएको हो । त्यसपछि फुटुङ चौरमा गाडिएको लिङ्गोमा विधिवत्रुपमा पूजा गरेपछि जात्रा सुरु हुन्छ र उक्त जात्रा वैशाख ४ गते सकिन्छ । जात्राको अन्तिम दिन फुटुङ चौरमा गाडिएको लिङ्गोलाई विधिवत्रुपमा पूजाअर्चना गरेर ढालेपछि फुटुङमा पनि जयादेवी र महालक्ष्मीको जात्रा समाप्त हुन्छ । साङ्लामा पनि घोडेजात्रादेखि नै लिङ्गो ठड्याउने गरिन्छ । जुन लिङ्गो चैत्र पूर्णिमामा बालकुमारी र चुनदेवीको खटजात्रा समाप्त भएपछि विधिवत् रुपमा ढालिन्छ ।

# महत्वपूर्ण अभिलेख/शिलालेख

## ४. महत्वपूर्ण अभिलेख/शिलालेख

तारकेश्वर नगरका विभिन्न स्थानमा विभिन्न प्रकारका अभिलेख वा शिलालेखहरु पनि रहेका छन् । त्यस्ता अभिलेख तथा शिलालेखले यस स्थानमा विभिन्न कालक्रममा भए गरेका विभिन्न गतिविधिलाई चित्रण गरेको पाइन्छ ।

स्वस्ति मानगृहात्प्रथितामलविपुलयशा निरुपमगुणगणो १
(लि)च्छविकुलकेतुर्भट्टारकमहाराज श्रीशिवदेवः कुशली –द्रु...
... ग्ग्रामनिवासिनः प्रधानपुरस्सरान्ग्रामकुटुम्बिन कुशल
(प)रिप्रश्नपूर्व्वं समाज्ञापयति विदितम्भवतु भवतां यथानेन
–पनमितानेकक्षितिपतिशिरोविभूषणमणिरुचा (वभासित)चर–
णयुगलेन सम्यक्प्रजापालनपरिश्रमोपार्जितदिगन्तव्याप्तप–
(रा)क्रम श्रीमहासामन्तांशुवर्म्मणा युष्मदनुग्रहाय ... ...
कूथेरवृत्त्यधिकृतानामिह समुचितस्त्रिकरमात्रसाधनायैव (प्रवे)
शो(ले)ख्यदानपञ्चापराधादिनिमित्तन्त्वप्रवेश इति प्रसादो
वःकृतस्त (दे)
वं वेदिभिरस्मच्चरणोपजीविभिरन्यैर्व्वा न कैश्चिदयं प्रसादो-
न्यथा(क)
रणीयो यस्त्वेतामाज्ञामुल्लङ्घ्यान्यथा कुर्य्यात्कारयेद्वा तमहमति–
(त)रान्न मर्षयिष्यामि येपि मदूर्ध्वम्भूभुजो भवितारस्तैरपि धर्म्मगु–
रुभिर्ग्गुरुकृतप्रसादानुवर्तिभिरियमाज्ञा सम्यक्प्रतिपालनीया
दूतकश्चात्र विप्रवर्म्मगोमी संवत् ५१७ प्रथमाषा–
ढशुक्लदिवाद्वादश्याम्

यस क्षेत्रमा प्राप्त शिलालेख र अभिलेखमध्ये सम्वत् ५१७ को शिवदेव तथा अंशुवर्माको धर्मस्थलीको शिलालेखलाई महत्वपूर्ण आधिकारिक र प्राचीन अभिलेखका रुपमा लिनसकिन्छ ।

त्यस्तै पुरानो गुह्येश्वरीको नरसिंह गुरुङको अभिलेखलाई पनि महत्वपूर्ण अभिलेखका रुपमा लिन सकिन्छ । पुरानो गुह्येश्वरी मूर्तिको सामुन्ने पूर्वपट्टि अभिलेख कुँदिएको शिलालेख टाँसी राखिएको छ । जसमा विक्रम सम्वत् १८६० उल्लेख छ । अभिलेखअनुसार १८६० जेष्ठ महिना दशमी तिथि मंगलबार गुह्येश्वरीको लागि चारैतिर पर्खाल बनाएर राम्रो मन्दिर नृसिंहले बनाए भन्ने कुरा उल्लेख छ । संशोाधन मण्डल, अभिलेख सङ्ग्रह(२०२०)मा यस्तो उल्लेख भएको पाइन्छः

स्वस्ति ॥ आकाशेशुताननेभवसुधासंशोभिते वासरेग प्रकारं ज्यैष्ठै मा-

सि सितेन्तकसय सुतिथौ भौमे तथा वासरेग प्राकारं परितः प्र -

कल्प्य विमलं गुह्येश्वरीपीतये हर्म्य चारु पृषप्रदं समकरोभ्द

क्तया नृसिंहाभिधः ॥१॥ अथ देशभाषा ॥श्रेयोस्तु ॥ सम्वत् १८

६० साल ज्यैष्ठै शदि १० रोज ३ एस् दिनमा श्री ३ गुह्येश्वरी प्रीति-

निमित्त श्रीकाजी नरसिंहले भक्तिपूर्व्वक यो पर्षाल धर्म-

शाला बनाऔ, शुभं भूयात् ।

यसैगरी जितपुरफेदी बजारको चैत्यसँगै नेपाल सम्वत् ९४५ को अभिलेख छ । जसलाई उल्लेखनीय र महत्वपूर्ण अभिलेखका रुपमा लिन सकिन्छ ।



यसैगरी जितपुरफेदी वडा नं ३ किसनडोलमा रहेको सुदि १८१६ तिरको शिलालेखलाई पनि प्राचीन अभिलेखका रुपमा लिन सकिन्छ । आँधीखोलाबाट आएका अर्याल वंशका रामकृष्ण बाजेका छ भाइ छोरामध्ये कान्छा छोरा लक्ष्मीनारायण अर्यालले गुठी राखेको व्यहोरा शिलालेखमा उल्लेख छ । जुन शिलालेखमा कुलदेवताको पूजाविधि पनि उल्लेख गरिएको पाइन्छ ।



सोही वडाको चोगाउँ सरस्वती मन्दिरमा पनि शिलालेख रहेको छ । विक्रम सम्वत् २०१३ सालको उक्त शिलालेखमा सरस्वती मन्दिरको पूजासञ्चालनका लागि पधैँरा खेत गुठीका रुपमा राखिदिएको उल्लेख छ । यसैगरी विक्रम सम्वत् १८३२ मा माघ सुदी ५ रोज ५ मा धर्मस्थली पुसलका कृष्ण भट्टलाई दिएको कुशविर्ताको अभिलेख पनि महत्वपूर्ण मानिन्छ ।

पुरानो गुह्येश्वरी मन्दिर परिसरमा वि.सं. १८६० मा धर्मशाला बनाइएको कुरा मन्दिरपरिसरमा रहेको शिलालेखबाट प्रष्ट हुन्छ । त्यस्तै, लखपातल (मृगस्थली) मा रहेको वाणेश्वर मन्दिरको शिलालेखमा 'स्वस्तिश्री गणेशाय नमः श्री शाक्य १७३२ विक्रमादित्य सम्वत् १८७२ मिति,....राणाले लषुपातल मृगस्थलीमा वाणेश्वर स्थापना गरी देवल पाटी पौवा बनाई.....।' भनी उल्लेख भएको शिलालेख मन्दिर परिसरमा रहेको छ । त्यस्तै, साङ्ला बालकुमारीमा राजा त्रिभुवनले विक्रम सम्वत् २००८ साल बैशाख शुक्ल परेवाका दिन स्तम्भ खडा गरेको कुरा त्यहाँस्थित नारायणको स्तम्भबाट बुझ्न सकिन्छ ।

त्यस्तै, मनमैँजुको होमफल्चाको अगाडि रहेको अभिलेखको अवस्था दयनीय छ भने महाँकाल मन्दिरअगाडिको सत्तलमा रहेको शिलालेख पनि पुरिएर गइसकेको छ

। यसैगरी मदानपुर मनमैँजु परिसरमा ने सं  ७८५ मा धनमुनिले मनमैँजु मन्दिर परिसरमा इट्टा छापेको कान्तिपुर अभिलेखमा उल्लेख भएको छ । मनमैँजु मन्दिरभित्रको शिलापत्र अनुसार ने.सं. ७८६ मनमैँजु मन्दिरको स्थापना प्रताप मल्लको पालामा मल्लकालीन प्यागोडा शैलीमा भएको उल्लेख छ ।

संस्कृतिविद् धर्मनारायण महर्जनको मनमैँजु उत्पत्ति, इतिहास र संस्कृति नामक पुस्तकमा उल्लेख भएअनुसार मनमैँजु मन्दिरअगाडि ने.सं. ७९२ मा सिँहको मूर्ति स्थापना गरेको अभिलेख, ने.सं. ७९५ मा रुसिंह महर्जनले पाटी बनाई प्रतिष्ठा गरेको, ने.सं.८१५ मा मनमैँजु मन्दिरअगाडि तोरण राखेको, ने. सं ९०२ र ९०५मा इन्द्रायणी खुशी पार्न चौघेरापाटी बनाई गुठी स्थापना गरेको शिलालेख, राजा गीर्वाणयुद्ध विक्रमको पालामा मन्दिरको पूजागर्नका लागि ने.सं. ९२१ मा गुठीको स्थापना गरेको शिलालेख महत्वपूर्ण मानिन्छन् ।



त्यस्तै, मदानपुरको दक्षिणपट्टि रहेको पाटीको शिलालेखअनुसार खेत रोपनी ३ उल्लेख भएको तुयिसिँ महर्जन, रत्नसिंह महर्जन लगायतको ३ जनाको अभिलेख, ने.सं. ९३५ मा मनमयजी हिटीको खोला छेउको रोपनी १ चुर १ जग्गा राखेको मनमैजु देवीस्थाननेरको धाराको अभिलेख, ने.सं. ९३६ चैत्र शुक्लपक्षमा फले पाटीको जिर्णोद्धार गरेको र टोखा गैरी खेत ३ रोपनी गार खेत २ रोपनी त्वमि खेत १ रोपनी गरी ९ रोपनी जग्गा राखेको अभिलेख कान्तिपुर शिलालेख सूचिमा समेत उल्लेख भएको पाइन्छ। यसका अलावा थुप्रै शिलालेख यहाँ रहेका छन्। तारकेश्वर नगरमा सबैभन्दा बढी शिलालेख भएका कारण अभिलेख तथा शिलालेखको नगरका रुपमा मनमैँजुलाई लिन सकिन्छ।

# ऐतिहासिक/पर्यटकीय पदमार्ग

# ५. ऐतिहासिक/पर्यटकीय पदमार्ग

## ऐतिहासिक व्यापारिक मार्गः


तारकेश्वर नगर देवदेवीको रथयात्रा र तीर्थयात्राको प्रमुख मार्ग हो भने यो ऐतिहासिक मार्ग पनि हो । धर्मस्थलीलाई नेपाल तिब्बत भोटको व्यापारिक मार्गका रुपमा लिइन्छ । त्यस्तै, श्री ५ महाराजाधिराज प्रतापसिंह शाहको वि.सं. १८३२ साल माघ सुदी ५ रोज ५ को लालमोहरमा समेत धर्मस्थली नाम उल्लेख भएको छ । उपत्यका विजय प्राप्त गर्न पृथ्वीनारायण शाहले साथमा ल्याएका काठमाडौंकी कडेल्चोक भगवतीलाई वर्षको एकपटक माइती नुवाकोट लगिन्छ । आफ्नो माइत नुवाकोट जाने र फर्कने मार्गका रुपमा यो स्थान चर्चित छ । अहिले पनि उनको रथ हनुमानढोकाबाट त्रिशुली लैजाँदा एक दिन धर्मस्थलीमा बास बसाउने चलन छ । नेवारी समुदायको उत्कृष्ट तीर्थस्थल शिलूयात्रामा पनि यस स्थलको प्रसङ्ग पाइन्छ । त्यसैले शिलूम्येमा *छेना दना बना धमाथुली बास, धमाथुली दना वना न्यागमणी बास* भनेर वर्णन भएबाट यो प्राचीन स्थल भएको प्रमाणित हुन्छ ।

इ.सं. १०४१-१०५५मा भोटयात्रा गरेका अतीस दीपङ्करले पाँचमानेमा बौद्धस्थल निर्माण गराएको पाइन्छ । त्यसैले केही वर्ष अगाडिसम्म पनि तिब्बती बौद्धमार्गी यहाँ आएर दीप बालेर प्रार्थना गर्दथे । तिब्बतीहरु यस स्थानलाई प्रमुख तीर्थस्थलका रुपमा स्वीकार्दछन् ।

तारकेश्वर नगरका धर्मस्थली र जितपुरफेदी प्रमुख व्यापारिक मार्ग हुन् भन्ने कुरा विभिन्न पुस्तक वा ग्रन्थमा उल्लेख भएको पाइन्छ । लिच्छविकाल, मल्लकाल र शाहकालमा पनि यो क्षेत्र तिब्बतको केरुङ र नेपालको पश्चिमतर्फ जाने महत्वपूर्ण नाका र व्यापारिक मार्ग रहेको देखिन्छ । विक्रम सम्वत् २०१७ सालपूर्व काठमाडौं उपत्यकाबाट पश्चिमतिर आवतजावत गर्ने प्रमुख मार्गका रुपमा पाँचमानेको विशेष स्थान रहेको थियो । त्यतिबेला तिब्बत जाने व्यापारीहरु पाँचमानेको दर्शन गरेर जाने गर्दथे । पाँचमाने भोट र तिब्बतसँगको प्रमुख व्यापारिक मार्ग पनि रहेको थियो । यस मार्गलाई अन्तराष्ट्रिय मार्गका रुपमा पनि लिन सकिन्छ ।

इतिहासविद् सत्यमोहन जोशीले अरनिको नामक पुस्तकमा भृकुटीको बिदाई पनि यसै ठाउँबाट गरिएको तथा कलाकार अरनिको यसै स्थानबाट तिब्बततिर लागेका

हुन् भन्ने कुरा उल्लेख गरेबाट पनि यस ठाउँका ज्यादै महत्व रहेको देखिन्छ । वडामहाराजधिराज पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकालाई वि.सं. १८२५ मा विजय प्राप्त गर्नुपूर्व उनले नुवाकोटलाई वि.सं. १८०१ मा हात पारेर आर्थिक नाकाबन्दी गरेका थिए । लिच्छवि, मल्ल तथा शाह कालसम्म पनि पाँचमाने व्यापारिक दृष्टिले महत्वपूर्ण मार्ग नै रहेको थियो ।




Area of the 1792 Champaign on Modern Maps
Map drawn by Jean-Pierre Guichard,
Universite Joseph fourier, Grenoble

तिब्बतसँगको व्यापारिक मार्गका रुपमा रहेको केरूङ जाने मुख्यबाटो पनि यहीँ नै हो । जुन कुरालाई सन् १७९२ को जीन पिएरे गुइचार्डको नक्शाले पनि प्रष्ट पारेको देखिन्छ ।

पृथ्वीनारायण शाहले काठमाडौँ हात पार्न आउँदा पनि यही जितपुर, धर्मस्थलीलाई मुख्य मार्ग बनाएबाट पनि सो प्रष्ट हुन्छ । त्यस्तै, वि.सं. २०१८ सालमा तत्कालीन राजा महेन्द्र पश्चिमाञ्चल भ्रमणमा जाँदा घोडामा सवार भएको र पाँचमानेमा विश्राम गरेको कारण पाँचमाने थप चर्चामा आएको पाइन्छ । सन् १८७१ सालअघि स्याङ्जादेखि काठमाडौँ आउँदा मूलबाटोमा नुवाकोट, पोखरा, सातमुहान, सोतीको पसल, कुन्छा, गानेचौक, सिसाघाट, बाह्रफिर्के, खोप्लाङ, चोरकाटे, जरैवर, निमेल दोकान, बोरलाङघाट, हाँसेको पसल, पन्ध्रकोषे, चरङ्गेकोफेदी, भर्‍याङभुरूङ, सामरी, त्रिशुली, बट्टार, रानीपौवा, जितपुर, धर्मस्थली, डुक्रनेपानी, र बालाजुबाट गुज्रनु पर्दथ्यो भनी सरदार भीमबहादुर पाडेँले त्यस बेलाको नेपाल नामक पुस्तकमा उल्लेख गरेका छन् ।




सिल्भाँ लेभीले नेपाल पुस्तकमा बालाजीबाट किरोङ (केरुङ?) तिब्बत जाने बाटो सुरु हुन्छ भनेका छन् भने कोनेल कर्कप्याट्रिकले यस स्थलबाट नै नेपाली सेना भोट तिब्बतसँग युद्ध गर्न अगाडि बढेको कुरा उल्लेख गरेका छन् । उनका अनुसार यो मार्ग धर्मस्थली हुँदै जितपुर, पाँचमाने, नुवाकोट जाने मार्ग भएको अनुमान गर्न सकिन्छ । त्यस्तै, ज्ञानमणि नेपालले नेपाल भोटचीन सम्बन्धका केही साँस्कृतिक पक्ष नामक पुस्तकमा चीनबाट खलितापत्र र सरसौगात आउँदा ठूलो उत्सव

मनाइने र यहाँका उच्च भारदारहरु पल्टन लिएर लिन जाने, बालाजुदेखि नाचगानाबजान  गर्दै हात्तीमा चढाएर ल्याएर यो खलिता भित्र्याइन्थ्यो भनी उल्लेख गरेबाट पनि यो पुष्टि हुन्छ कि त्यो बालाजुसम्म खलिता ल्याउने मार्ग पाँचमाने, जितपुरफेदी हुँदै धर्मस्थली नै थियो । यसैगरी पृथ्वीनारायण शाहको नेपाल एकीकरणको पदमार्ग पनि यसै क्षेत्र भएका कारण यसको विशेष महत्व रहेको पाइन्छ ।

## नगरभित्रका पर्यटकीय पदमार्ग

तारकेश्वर नगरपालिकामा रहेका महत्वपूर्ण सम्पदा, परम्परा एवम् जात्रा संरक्षण र सम्बर्द्धन गर्न नगरपालिकाले विशेष योजनासहित गुरुयोजना तयार पारेको छ भने सम्पदा संरक्षण गर्ने कार्यको थालनी गरी पर्यटकीय पदमार्गसमेत निर्धारण गरेको छ ।



आन्तरिक तथा वाह्य पर्यटकलाई आकर्षित गर्न तपशिलका पदमार्गहरु निर्धारण गरी पदमार्गहरुको माध्यमबाट धार्मिक, ऐतिहासिक र साँस्कृतिक महत्व बोकेको सम्पदाहरुको प्रचारप्रसार एवम् विकासमा नगरपालिका लागी परेको छ । यहाँ उल्लेख गरेबाहेकका पदमार्ग पनि यहाँ अनगिन्ति रहेका छन् । यस नगरपालिकाका केही महत्वपूर्ण पदमार्गहरुको यहाँ उल्लेख गरिएको छ :

१. मनमैजु– फुटुङ –साङ्ला बालकुमारी

२. पुरानो गुह्येश्वरी–लोलाङ योगिनी मन्दिर-गोलढुंगा खेलमैदान-रुद्रेश्वर–कृष्णमन्दिर–चोगाउँ–मुडिखुगढी

३. मुढिखुढोका–मुडिखुगढी भ्यूटावर–तिनपिप्ले-भुवनेश्वरी-पाँचमाने

४. धर्मस्थली–काभ्रेस्थली– शान्तिधाम

५. धर्मस्थली–जितपुरफेदी–सिद्धेश्वर–पाँचमाने – तारकेश्वर महादेव मन्दिर

६. धर्मस्थली–महाँकाल–चोगाउँ – मुडिखुगढी –कालीदेवी बुद्धपार्क

७. धर्मस्थली– काभ्रेस्थली– तारकेश्वर मन्दिर ।

८. मनमैजु– फुटुङ –साङ्ला–बौंडेश्वर महादेव/झरना ।

९. पुरानो गुह्येश्वरी-शान्तिगुफा- न्याँकन्डोल महाँकाल- मुडिखु-मुडिखु गढीथुम्को( भ्यूटावर)

१०.मुड्खुढोका-मुडिखुगढी-भुवनेश्वरी-पाँचमाने-तारकेश्वरधाम-देवीस्थान-शान्तिधाम-साङ्ला-फुटुङ-मनमैंजु